परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

❑ वर्ष ९ ❑ अंक २१ २०७७ पौष ५ गते आईतवार Sunday 20, DEC, 2020 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

पानीको सही सदुपयोग गरौं । पानी महसुल समयमै तिरी अनावश्यक जरिवानाबाट बचौं ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक विराटनगर

## निर्मम यातना पछि हत्या भएको मानव अधिकारकर्मी तथा संचारकर्मीको ठहर

राजेश कुमार राजवंशी

विराटनगर । मोरङको मिक्लाजुङमा नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेकपाले सुराकीको आरोप लगाउँदै हत्या गरिएका शिक्षक राजेन्द्रकुमार श्रेष्ठको निर्मम यातना पछि भिभत्स हत्या भएको मानव अधिकार कर्मी संचारकर्मीहरुले प्रतिवेदनमा खुलाएको छ ।




मानव अधिकारकर्मी तथा संचारकर्मीहरुको टोलीले मंसिर २३ गते मोरंगको मिक्लाजुङ्ग गाउँपालिका वडा नं. बर्खे भन्ने स्थानमा रहेको सरस्वती आधारभूत विद्यालयका प्रधान ध्यापक राजेन्द्र कुमार श्रेष्ठको हत्या भएको सत्य तथ्य पत्ता लगाउन टोलीले २९ गते स्थलगत अध्ययनगरी प्रतिवेदन तयार गरी पत्रकार सम्मेलन गरी सार्वजनिक गरेका थिए ।

टोलीले ६ वटा बद्धामा स्थलगत प्रतिवेदन सार्वजनिक गर्दै श्रेष्ठको निर्मम यातना पछि विभत्स हत्या भएको भन्दै दोषीको खोजी गरी आवश्यक कानुनी कारवाही गरी शान्ति सुरक्षा कायम गर्न तीनै तहको सरकारलाई ध्यानाकर्षन समेत गराएको छ ।

मानव अधिकारकर्मी तथा संचारकर्मीहरुको ८ जनाको समूहले स्थलगत अध्ययनमा ६ जना युवाले श्रेष्ठलाई अपहरण गरी बाँस, वेताको भाटा र पटुवाको डोरीले बाधेर शरीरको पछाडी भागमा ढुंगाले हानेर शरिरमा निलडाम भेटिएको गहिरो चोटले मृत्यु भएकोले निर्मम यातना पछि हत्या गरेको प्रतिवेदनमा उल्लेख छ ।

श्रेष्ठलाई हात वाधेर जंगल तिर लगेको स्थानीयले देखेपछि प्रहरी र जनप्रतिनिधीहरुलाई खबर गरेपछि प्रहरी ८ घण्टा पछि घटना स्थल पुगेका थिए । मंसिर २४ गते विपी कोईराला विज्ञान प्रतिष्ठानमा पोष्टमार्टम गरी २५ गते दाह संस्कार गरिएको थियो ।

उक्त घटनाको केही समय अगाडि देखि त्यस क्षेत्रमा नेकपा (विप्लव) समूहको गतिविधि वढेको, शिक्षक श्रेष्ठसंग चन्दा मागेको चन्दा नदिए मार्ने धम्की दिएको, केही दिनदेखि उनी माथि निगरानी बढाएको र हत्यापछि जिम्मेवारी लिदै वक्तव्य सार्वजनिक गरेको पाईएको । यसवाट उक्त हत्या विप्लव नेतृत्वको नेकपाले नै गरेको पुष्टि हुन्छ । लाशको प्रकृति पोष्टमार्टमको रिपोर्ट स्थानिय बासिन्दाको भनाईका आधारमा नेकपा विप्लव समूहको र्तर्फबाट जारी गरिएको विज्ञप्तीमा भने जस्तो सम्झाउन जाँदा आक्रमण गर्न खोजेकोले प्रतिकार गर्दा मारिएको भन्ने कुरा कतैवाट पुष्टी हुँदैन । हात बाँधेर लगिएको एउटा निहत्था ५४ वर्षिय श्रेष्ठलाई ६ जनाको हतियारधारी युवा टोलीसंग प्रतिकार गर्न स्क्ने संभावना हुँदैन । त्यसैले विप्लव नेतृत्वको नेकपाले एउटा इमान्दार शिक्षक र मिहनेती कृषकको निर्मम हत्या गरको र प्रतिकारमा मारिएको भनी भुठो विवरण सार्वजनिक गरेर यथार्थ लुकाउन खोजेको मानव अधिकारकर्मी तथा संचारकर्मी टोलीको ठहर छ ।

मानव अधिकारकर्मी तथा संचारकर्मीहरुको टोलीमा सोमराज थापा, प्रदश नं. १ संयोजक अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), यज्ञप्रसाद शर्मा, अध्यक्ष, मानव अधिार तथा

वांकी अन्तिम पेजमा...

## प्रदेश जनस्वास्थ्य प्रयोग शालाको शिलन्यास

विराटनगर । प्रदेश १ मा सुविधासम्पन्न जनस्वास्थ्य प्रयोशालाको मुख्यमत्री शेरधन राईले शिलन्यास गरेको छ ।

सोही अवसरमा राईले भने प्रदेश जनस्वास्थ्य प्रयोगशालाको भवन निर्माण पछि विशिष्टकृत सेवा प्रदान हुने वताए । उहाँले प्रयोगशालाका नाममा हुने गरेका वेथिति, अनियमितता, सर्वसधारण लाई ठग्ने कार्यको नियमन हुने भन्दै प्रदेश जनस्वास्थ्य प्रयोगशालाले प्रयोगशालाहरुको पनि प्रयोगशालाका काम गर्ने छ ।'

त्यसैगरी सामाजिक विकास मन्त्री जीवन घिमिरेले विशिष्टिकृत परीक्षणका लागि काठमाण्डौं र भारतका विभिन्न शहरहरु जानुपर्ने समस्याको अन्त्य हुने वताए । प्रदेश जनस्वास्थ्य प्रयोगशालाबाट विशिष्टिकृत परीक्षण हुने उहाँको भनाई थियो । प्रदेश भित्रका प्रयोगशालाको गुणस्तर मापनको जिम्मेवारी, शुल्कको नियमन, अनुगमनको काम प्रदेश प्रयोगशालाले गर्ने छ मन्त्री घिमिरेले वताए ।'

वांकी अन्तिम पेजमा...

## बालकको शव परालको थुप्रोमा

सप्तरी, पुस ३ गते । ट्याक्टरको ठक्करले मृत्यु भएका बालकको शव परालको थुप्रोमा लुकाएको अवस्थामा फेला परेको छ ।

भएका सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका वडा नं. ३ सकरपुराका ६ बर्षीय बालक आनन्द मुखिया बिहीबार दिउँसोदेखि बेपत्ता भएको थियो । वेपत्ता भएको मुखियाको शव परालको थुप्रोमा फेला परेको प्रहरीले जनाएको छ ।

घरबाहिर खेल्न निस्केका स्थानीय रोहित मुखियाका छोरा आनन्द वेपत्ता भएका थिए । उनको खोजी गर्ने क्रममा शुक्रबार शव फेला पारिएको सप्तरीका प्रहरी प्रवक्ता भुवनेश्वर साहले बताए ।

'उनलाई स १ त ७७५२ नम्बरको गाउँकै ट्याक्टरले ठक्कर दिएर मारेको रहेछ' प्रवक्ता साहले भने, 'बालकको मृत्यु भएपछि चालकले शव परालको थुप्रोमा गएर लुकाएका रहेछन् ।'

बालकलाई ठक्कर दिने ट्याक्टरका चालक फरार भएका छन् । उनको खोजी भइरहेको प्रहरीले जनाएको छ । बालकको शवलाई पोष्टमार्टमका लागि गजेन्द्रनारायण सिंह अस्पताल ल्याइएको र घटनाका सम्बन्धमा अनुसन्धान भइरहेको प्रहरीको भनाइ छ ।

## एघार करोड भन्दा बढी राजश्व संकलन

बिराटनगर । प्रदेश नं. १ मा आर्थिक वर्षको पहिलो चौमासिकमा प्रहरी कार्यालयहरुमा २ हजार १ सय ७ मुद्दा दर्ता गरी ११ करोड भन्दा बढीको राजश्व संकलन भएको छ ।

संगठन प्रमुख प्रहरी महानिरीक्षक र प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक तथा प्रदेश प्रहरी प्रमुख र प्रदेशका १४ वटै जिल्लाका प्रहरी प्रमुखहरु बिच कार्य सम्पादन सम्झौताको प्रभावकारी कार्यान्वयन हुँदा सो राजश्व रकम संकलन भएको हो ।

संगठन प्रमुखको निर्देशनलाई पालना गर्ने र गराउने तर्फ बिशेष ध्यान दिई समाजमा हुने अपराधीक घटना, फैसला कार्यान्वयन, भन्सार चोरी निकासी, नदिजन्य पदार्थ अबैध दोहन, अबैध काठ चोरी निकाशी र ट्राफिक ब्यबस्थापनमा प्रभावकारी रुपमा प्रहरी परिचाल भए अनुसार उल्लेख्य मात्रामा सफलता हासिल भएको छ ।

आर्थिक बर्षको पहिलो ४ महिनामा मात्र २ हजार १ सय ७ वटा बिभिन्न अपराध सम्बन्धी मुद्धा दर्ता भई कारवाही गरिसकिएको छ भने फैसला कार्यान्वयन तर्फ बिभिन्न अपराधमा सजाय तथा जरिवाना फैसला भई फरार रहदै आएका १ सय ९३ जना फरार प्रतिवादी पक्राउ गरी ३ सय बर्ष कैद भुक्तान भई, १ करोड ११ लाख ३३ हजार ६९ रुपैयाँ राजश्व संकलन भएको छ ।

त्यसैगरी भन्सार चोरी

वांकी अन्तिम पेजमा...

## क्वारेन्टिन कार्यालय मोरंगको सूचना

*विरुवा तथा विरुवा जन्यउपजहरुको निकासी पैठारी र ओसार पसार गर्दा सत्रु जीवको प्रवेश हुन सक्ने भएकोले विरुवा संरक्षण ऐन २०६४ तथा विरुवा संरक्षण नियमावली २०६६ अनुसार त्यस्ता विरुवाहरु तथा विरुवा जन्य उपजहरुको अनिवार्य क्वरेन्टिन जाँच गराई ओसार पसार गर्नुहुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ ।*

क्वारेन्टिन कार्यालय मोरंग

SUKRATARA FURNITURE UDYOG
BIRATNAGAR
9842033365
9805391277
Chattdev007@gmail.com



All types of Fabrication, Furniture, Prefab, Truss are available.

## आजको...

अवसरलाई पक्रन र नयाँ मोडेललाई समाजवादी क्रान्तिको सफल प्रयोगको गौरवशाली थलोका रुपमा नेपाललाई पुऱ्याउन नेतृत्व निर्माणमा उचित ध्यान दिनु पर्दछ ।

(नेकपाका प्रवक्ता एवं सचिवालय सदस्य श्रेष्ठले अनलाइनखबरमा लेखेको 'पार्टी एकता, नेपाली क्रान्ति र नेकपाको कार्यभार' लेख श्रृंखलाको यो तेस्रो खण्ड हो । अघिल्ला दुई खण्डहरु तलको लिंकमा पढ्न सकिनेछ ) अनलाईन खबरबाट

## निर्मम...

वातावरण मञ्च -फरेन), मन्जिता उपाध्याय अध्यक्ष, साझा सवालका लागि साझा मन्च (कोकन) सतार अन्सारी, थर्ड एलायन्स/ परामर्श दाता, रुक्मिणा दहाल, एडभोकेसी फोरम विराटनगर संयोजक, महेन्द्र विष्ट, पूर्वअध्यक्ष नेपाल पत्रकार महासंघ मोरंग, नेत्रप्रसाद अधिकारी, इन्सेक मोरंग प्रतिनिधी, ज्योति चौहान पत्रकार रहेका छन् ।

## एघार...

निकाशी तर्फ अबैध रुपमा समान चोरी निकाशी गर्ने ३८ जना मानिस पक्राउ गर्नुका साथै ५ करोड ५५ लाख ५३ हजार १९० रुपैयाँ राजश्व संकलन भएको छ । नदिजन्य पदार्थको अबैध रुपमा दोहन गर्ने ९६ जना मानिस र ४ सय ८९ वटा नदिजन्य पदार्थ उत्खनन गर्ने र ओसार पसार गर्ने सवारी साधनलाई पक्राउ गर्नुका साथै ३१ लाख ५ हजार ६४० राजश्व संकलन भएको छ ।

त्यसैगरी अबैध काठ चेरी निकासी गर्ने ३३ जना मानिस पक्राउ गर्नुका साथै १ हजार २ सय ८४ क्यू.फिट. काठ बरामद गरी १४ लाख ९ सय राजश्व संकलन भएको छ ।

ट्राफिक ब्यबस्थापन तर्फ आर्थिक बर्षको पहिलो चौमासिकमा ट्राफिक नियम उलंघन गर्ने ७१ हजार ९ सय ६९ वटा सवारी साधनलाई कारवाही गर्दा ४ करोड ४३ लाख ९४ हजार राजश्व संकलन भएको छ । आर्थिक बर्षको ४ महिनामा मात्र कुल ११ करोड ५५ लाख ६८ हजार ७ सय ९९ राजश्व संकलन भएको १ नं. प्रदेश प्रहरी कार्यालय विराटनगरले जनाएको छ ।

## प्रदेश...

भवन शिलान्यासको ८ महिना पछि सेवा शुरु गरिने दावी गर्दै ६ महिना भित्रमा निर्माण सम्पन्न हुने दावी गरेका छन् । प्रदेश सभाषद् जयराम यादवले कुनैपनि परीक्षणका लागि काठमाण्डौं धाउनुपर्ने समस्याको अन्त्य हुने विश्वास व्यक्त गर्दै निश्चित समयमा भवन निर्माण गरि सेवा शुरु गर्न सुझाव दिनुभयो ।

विराटनगर महानगरपालिकाका प्रमुख भीम पराजुलीले विराटनगर मा प्रदेश स्तरिय जन स्वास्थ्य प्रयोगशाला निर्माण हुनु गौरवको विषय भएको बताउनुभयो । उहाँले प्रयोगशाला निर्माणका लागि आवस्यक सहयोग गर्न महानगर तयार रहेको बताउनुभयो । प्रयोगशालामा जेनरल ल्याव, नसर्ने रोग, सरुवा रोग, पीसीआर भाईरल कल्चर परीक्षण लगायतका काम हुने प्रदेश जनस्वास्थ्य निर्देशक जयवेन्द्र यादवले बताउनुभयो ।

शिलान्यास कार्यक्रममा स्नातकोत्तर क्याम्पस विराटनगरका प्रमुख महेश खत्री, सेभ द चिल्ड्रेन प्रदेश १ र २ का वरिष्ठ परियोजना व्यवस्थापक हरिवोल बजगाई, विराट मेडिकल कलेजका प्रयोगशाला विज्ञ सन्तोष काफ्ले लगायतले बोल्नु भएको थियो । सेभ द चिल्ड्रेन र ग्लोवल फण्डसँगको सहायतामा जनस्वास्थ्य प्रयोगशाला निर्माण गरिने भएको छ । भवन निर्माणका लागि ८ करोड बजेट उपलब्ध गराईने सेभ द चिल्ड्रेनका बरिष्ठ व्यवस्थापक बजगाईले जानकारी दिनुभयो ।

प्रदेश जनस्वास्थ्य प्रयोगशालाका लागि स्नातकोत्तर क्याम्पस विराटनगरले ८ कठ्ठा १२ धुर जमिन उपलब्ध गराएको छ ।

# अबैध बोइलर कुखुरा बरामद

विराटनगर । अबैध रुपमा भारतवाट ल्याएका बोइलर कुखुराहरु प्रहरीले बरामद गरेको छ ।

जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं. १४ जतुवा नहर नजिक देश भारत जिल्ला अररिया वडा नं. १६ बस्ने बर्ष २४ को मो.आतिवलाई अन्दाजी ९० केजी काटेको बोईलर कुखुरा भारतको जोवनीबाट नेपालतर्फ ल्याई रहेको अवस्थामा प्रहरीले पक्राउ गरेको हो ।

जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले फेला पारी नियन्त्रणमा लिई जिल्ला प्रहरी कार्यालय मोरङमा ल्याई प्रहरी कर्मचारी तथा स्थानियको रोहवरमा नष्ट गरिएको छ ।

त्यसै गरी जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं. १५ मिल्स एरिया जुटमिल छेउमा भारतको जोगवनीबाट नेपालतर्फ ५ वटा साईकलमा झोलामा राखी ५५ वटा अन्दाजी ११० केजी बोईलर कुखुरा ल्याई रहेको अवस्थामा जिल्ला प्रहरी कार्यालय मोरङ बाट खटिएको प्रहरी टोलीले निम्न स्थान बस्ने ५ जना मानिसहरूलाई नियन्त्रणमा लिएको छ ।

पक्राउ पर्नेहरुमा जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं. १५ मिल्स एरिया बस्ने बर्ष १८ को एमडी सजात मियाँ, बर्ष १७ को एमडी सिराज मियाँ, वडा नं.१७ बस्ने बर्ष १५ को सर्वन आलम, वडा नं. १८ बस्ने बर्ष १३ को परवेज आलम, बर्ष१३ को ईर्जान आलमलाई समेत पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय मोरङमा ल्याई उक्त कुखुरा प्रहरी कर्मचारी तथा स्थानियको रोहवरमा कुखुरा नष्ट गरिएको छ ।

लैगिंक हिंन्साको अन्त्य :

मेरो जीवनको गन्तव्य

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधी मन्त्रालय
सूचना तथा प्रसारण विभाग




# हार्दिक बधाई







*प्रेमनारायण सुतिहार ! मुन्नी कुमारी शर्मा*

हाम्रो भान्जा जिल्ला मोरंग धनपालथान गाउँपालिका वडा नं. १ दुर्गापुर नोचा बस्ने प्रेमनारायण सुतिहारको भारत विहार जिल्ला अररिया ग्राम मैगरा २ पोष्ट मेहदीपुर बस्ने मुन्नी कुमारी शर्मासंग र पृथ्वीनारायण सुतिहारको मोरंग कटहरी गाउंपालिका वडा नं. १ बस्ने सोनी कुमारी शर्मासंग यही मिति २०७७ साल मंसिर २६ गते शुक्रवारका दिन वैवाहिक जीवनमा बाांधिनु भएकोमा बैवाहिक जीवनको सफलताको कामना साहित हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौ ।

| | |
|---|---|
| मामा :- जयनारायण सुतिहार | माईजु :- राधादेवी सुतिहार |
| मामा :- शिवनारायण सुतिहार | माईजु :- ललितादेवी सुतिहार |
| मामा :- सुरेन्द प्रसाद सुतिहार | माईजु :- मंजु सुतिहार |
| मामा :- घनश्याम सुतिहार | माईजु :- विमलादेवी सुतिहार |
| मामा :- अनन्तलाल सुतिहार | माईजु :- मंजु सुतिहार |
| मामा :- श्याम सुन्दर सुतिहार | माईजु :- मंजु शर्मा |

**नानी : गंगादेवी सुतिहार**

## अस्पतालकै जगतमा एक मात्र सुरक्षा अस्पताल

सुरक्षा अस्पताल प्रा.लि.सबैको सहयोगले स्त्री रोग तथा प्रसुती सेवा पाचौं वर्ष पुरा गरेर छैठौ वर्षमा प्रवेश गरेको र नवजात शिशुको उपचार दोस्रो वर्षमा प्रवेश गर्नुका साथै हाल ढाड तथा नशा रोग, **painless** प्रसुती सेवा, **Emergency** सेवा नया एंव अध्याधिक भरपर्दो **(ICU/MICU,NICU)** तथा जेनरल वार्डमा विभिन्न प्रविधिहरु सहितको सुविधा सम्पन्न सेवा संचालन भएको सबै सेवा ग्राहीहरुमा जानकारी गराउँदछौ ।

## हाम्रो सेवाहरु :-

- ★ स्त्री रोग तथा प्रसुती सम्बन्धी सम्पूर्ण सेवाहरु
- ★ रोग सम्वन्धी (PICU,NICU With Ventilator) सेवा
- ★ जनरल फिजिसियन सेवा
- ★ जनरल सर्जरी तथा हाडजोडर्नी नशा रोग सम्वन्धी सम्पूर्ण सेवा
- ★ Minor & Major surgery सेवा
- ★ Laparoscopic surgery (दुरवीन द्वारा अप्रेशन) सेवा
- ★ इन्टरभेसनल स्पाइन एण्ड क्रोनिक पेन म्यानेजमेन्ट
- ★ 24 Hours Emergency सेवा
- ★ विशेष डाक्टरहरु द्वारा ओ.पि.डी. सेवा
- ★ २४ घण्टा ल्याब सेवा, एम्बुलेन्स सेवा र फार्मेसी सेवा
- ★ इनफर्टिलिटी क्लिनिक सेवा
- ★ **X–Ray, ECG,ECHO,USG,HSG,Cystoscopy**

सुरक्षा अस्पताल प्रा.लि.
वीरेन्द्र सभागृह अगाडी
सम्पर्क न. ०२१- ५३६९४१

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशकःश्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउटःविजय कु.मण्डल मुद्रकःबाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेलःcrimeopration@gmail.com

क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

## सम्पादकीय

### स्वास्थ्य सुरक्षा मापदण्ड आवश्यक

विश्वभरी कोरोना संक्रमणको कारण त्यसको प्रभाव नेपालमा पनि परेको छ । कोरोनाकै कारण आठ महिना देखि विद्यालय, विश्वविद्यालय लगायत शैक्षिक संस्थाहरु वन्द भई विद्यार्थीको पढाई नै प्रभावित भएको छ । नेपाल सरकारको निर्णय अनुसार पौष २ गते देखि विद्यालयहरु संचालन गर्ने गरी मंसिर १९ गतेको निर्णय अनुसार विद्यालयहरु संचालन भएको छ । हुन त केही विद्यालयहरु यसअघिदेखि नै संचालनमा आई सकेको छ। तर कोरोनाको जोखिम भने कम भएको छैन। नेपाल सरकारले स्वास्थ्य सुरक्षाको मापदण्ड अपनाई संचालन गर्ने अनुमति त दिएका छन् तर त्यसको पालना गरे नगरेको वो सो पालना गरेवापत त्यसको शुल्क फेरी अभिभावकमै थुपार्ने हो कि ? साना नानीहरुले स्वास्थ्य सुरक्षा मापदण्ड पुरा गर्न सक्ने हो कि होईन भन्ने प्रश्नहरु यथावत छ । यस्ता जे जस्ता प्रश्नहरु सामुने आएपछि त्यसको व्यवस्थापन विद्यालयले गरेर कक्षा संचालन गर्न जति आवश्यक छ त्यतीनै स्वास्थ्य सुरक्षा मापदण्ड पुरा गर्न त्यतीनै आवश्यक छ ।

संक्रमणको जोखिम, विद्यार्थी संख्या तथा उपलब्ध भौतिक पूर्वाधार समेत हेरि व्यवस्थापनमा सहजताका लागि विद्याललय सञ्चालन गर्न ७ बुँदे विकल्पहरु पनि दिएको छ । सवै कक्षा र विद्यार्थीलाई एकै समयमा कक्षा सञ्चालन गर्ने, अलग अलग समयमा अलग अलग कक्षा वा तह सञ्चालन गर्ने, विद्यालय हेरि तत्ला कक्षाहरुलाई पहिले र माथिल्लो कक्षा पछि शुरु गर्ने, कक्षा सञ्चालनको घण्टी छोट्याउने, पालैपालो कक्षा सञ्चालन गर्ने कक्षाका केही विद्यार्थी कुनै दिन वा सिफ्ट र बाँकी विद्यार्थीलाई अर्को दिन वा सिफ्टमा सञ्चालन गर्नेगरि पालैपालो कक्षा सञ्चालन गर्ने र सातामा केही दिनमात्र कक्षा सञ्चालन गर्ने लगायतका कार्यविधि बनाएर कक्षा संचालन गर्न भनेको छ ।

विद्यार्थीको उपस्थितिमा कक्षा सञ्चालन हुन नसकेपछि स्थानीय रेडियो तथा टिभीबाट शिक्षण सिकाई तथा पाठ प्रसारण कार्यक्रम सञ्चालन गरेको थियो । निजी विद्यालयले पठन पाठन क्रियाकलाप शुरु भएका दिन देखि शुल्क लिने  पनि भएको छ । यी यथावत कुरा गर्दा पनि विद्यार्थीलाई कोराना लागेमा त्यसको उपचार खर्च, लगायतको व्यवस्था कसले मिलाउने, विद्यार्थीवाटै कोरोना झन महामारीका रुप लियो भने त्यसको व्यवस्था कसरी गर्ने त्यस तर्फ सरकारले कुनै पनि निति नियम वनाएको छैन । विद्यार्थीको भविष्यको लागि विद्यालय लगायत सम्पुर्ण शिक्षण संस्था संचालन गर्नु आवश्यक छ। त्यसभन्दा पनि कोरोनाको कहरवाट वच्च स्वास्थ्य सुरक्षा मापदण्ड पुरा गर्न सम्पुण विद्यालय, विद्यार्थी र अभिभावक पनि संचेत हुन आवश्यक छ ।

## साप्ताहिक राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ । मनोरञ्जन र भ्रमणको योग छ ।**

**वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ ।**

**मिथुन (क, कि, कु, घ, ङ, छ, के, को, ह)** : युवा वर्गका लीगि रमाइलो वातावरणको  अवसर मिल्ने छ। इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** : युवावर्गका लीगि मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईकै हुने छ।

**कन्या (टो, प, पी, पू, ष, ण, ठ, पे, पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन । बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ।

**तुला (रा, री, रु, रे, रो, ता, ती, तु, ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला । काममा विघ्न वाधाहरु आउन सक्नेछन ।

**वृश्चिक (तो, ना, नि, नू, ने, नो, या, यि, यू) : बुद्धिको प्रभावले ठुला-ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ। मित्रहरको सहयोग राम्रो रहने छ ।

**धनु (यो, भा, भी, भू, ध, फा, ढ, भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ। व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ ।

**मकर (भो, जा, जी, जू, जे, ख, खि, खू, खे, गा, गी)** : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ । महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ ।

कुम्भ (गु, गे, गो, सा, सी, सु, से, सो, द) :**सानो तिनो चोटपटकको सम्भावना र हेकाले सतर्कता अपनाउनु होला । भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन (दी, दु, थ, झ, ञ, दे, दो, च, ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईकै हुने छ।

# आजको संकट र अबको हाम्रो कार्यभार

**नारायण काजी श्रेष्ठ**
**नेकपा प्रवक्ता**

नारायणकाजी श्रेष्ठ,नेकपा प्रवक्ता

हाम्रो पार्टी नेपाल कम्युनिस्ट पार्टी (नेकपा)ले यतिबेला पार्टी एकताको क्रान्तिकारी उद्देश्य एंव मर्मलाई आत्मसात गर्दै र विचारधारात्मक एंव राजनीतिक कार्यदिशालाई कार्यान्वयन गर्दै निम्न कार्य सम्पादन गर्नुपर्ने थियो । संगठनात्मक एकीकरणलाई पूर्णता दिनु । सामाजिक न्यायसहितको समृद्धि हासिल गर्दै समाजवादको आधार निर्माण गर्नु र सरकारलाई सफल पार्नु । पार्टी एकताको संक्रमणकाल अन्त्य गर्न र वैचारिक राजनीतिक कार्यदिशा एंव नेतृत्वको निरुपण गर्न उत्साहका साथ एकता महाधिवेशनको आयोजना गर्नु । तर, त्यसको विपरीत दुःखद् यथार्थ हाम्रो अगाडि छ ।

पार्टीभित्रको समस्यालाई बुझ्ने र समाधान निकाल्ने सम्बन्धमा तीव्र मतभेद देखा परेका छन् र त्यसले गम्भीर अन्तरसंघर्षको रुप लिएको छ । अनि अन्तरसंघर्षलाई पार्टी जीवनको स्वाभाविक प्रक्रियाका रुपमा ग्रहण गरेर मैत्रीपूर्ण, स्वस्थ एंव रुपान्तरणमुखी ढंगले परिचालन गर्न र सकारात्मक निष्कर्ष निकाल्न तयार हुनुको सट्टा शत्रुतापूर्ण रुपमा लिँदै निकासलाई असहज बनाउने गलत कोशिस एवं क्रियाकलापहरु देखा परिरहेका छन् । तर, हामीले अन्तरसंघर्षलाई पार्टी रुपान्तरणको साधन बनाउँदै संकटको सकारात्मक निकास निकाल्न सम्पूर्ण प्रयत्न गर्नुपर्ने आवश्यकता छ ।

एकातिर हामीले अहिले पाटी भित्रको मतभेद र अन्तरविरोधलाई लामो समयसम्म पालिराखेर पार्टी संगठनलाई अकर्मण्यता एवं विसर्जनको दिशामा धकेल्ने प्रवृतिबाट बच्नुपर्दछ भने अर्कोतिर पार्टीलाई यथास्थितिमै कैद हुनबाट बचाई संकटको वास्तविक निकास निकाल्न सफल हुनु पर्दछ । त्यसरी मात्र पार्टी एकताको रक्षा गर्दै इतिहासले हाम्रो पार्टीमाथि सुम्पेको क्रान्तिकारी कार्यभार पूरा गर्ने दिशामा अघि बढ्न सफल हुन सकिने छ ।

सुरुमै हामी कहाँ चुक्यौं ?

एक- पार्टी एकता हुनासाथ सुरुमै पार्टी एकताको लक्ष्य, उद्देश्य, अर्थ एवं औचित्य र पार्टीको विचार धारात्मक तथा राजनीतिक कार्यदिशाका बारेमा पार्टीव्यापीरुपमा एकरुप समझदारीको विकास गर्न प्रशिक्षण कार्यक्रम सञ्चालन गर्नु पर्दथ्यो । त्यसमा पहिलो समस्या त कार्यदल र कमिटीले अन्तिम रुप दिइसकेपछि पनि एक वर्षसम्म राजनीतिक प्रतिवेदन प्रकाशित हुन सकेन । पार्टी एकतापछि प्रदेश स्तरमा प्रशिक्षण कार्यक्रम राखियो, तर औपचारिकरुपमा राजनीतिक प्रतिवेदनमार्फत कार्यदिशा संस्थागत नभइसकेका कारणले त्यो अधुरो वा अपूर्ण रह्यो । पार्टी एकताको उद्देश्य र मर्मका बारेमा मोटोरुपमा चर्चा गरिए पनि नेतृत्व तहमा नै घनिभूत छलफलको अभावमा गहिरोसँग प्रकाश पार्ने काम हुन सकेन । त्यसले गर्दा पार्टी कार्यदिशाको आत्मसातीकरणसहित पार्टी एकता किन, केका लागि र कता जाने भन्नेबारेमा सिंगो नेतृत्व तथा पार्टी पंक्तिमा स्पष्टताको अभाव हुन गयो । पार्टीमा दुविधा र अन्यौल उत्पन्न भयो । पार्टीमा क्रान्तिकारी उर्जा तथा गतिशीलता पैदा हुन सकेन ।

दुई- हामीले निर्वाचनपछि छिट्टै पार्टी एकता गरिने घोषणा गर्दै एउटै घोषणापत्रका आधारमा आम निर्वाचनमा सहभागी भई विजय हासिल गर्‍यौं । चुनावको परिणामले हाम्रो सरकार गठन हुने स्पष्ट भयो । चुनावको परिणाम पछि सरकार गठन गर्न केही समय लाग्यो । हाम्रो सरकार ऐतिहासिक युगान्तकारी परिवर्तनपछिको, समाजवाद उन्मूख राज्य एवं सामाजिक आर्थिक परिवर्तनको उदघोष गरिएको नयाँ संविधानअन्तर्गतको र कम्युनिष्ट शक्तिको सरकार भएकाले यसलाई सामान्य सरकारका रुपमा नलिएर यसले के काम गर्ने, कसरी गर्ने र यसलाई कसरी सफल पार्ने भन्नेबारेमा सरकार गठन गर्नुअघि नै गम्भीर एवं व्यापक छलफल गरी निश्चित नीति, कार्यक्रम र योजना बनाउनु आवश्यक थियो । तत्कालै अरु सबै काम छाडेर हाम्रा पार्टीका नेताहरु र मार्क्सवादी एवं वामपन्थी विज्ञहरुको संयुक्त छलफलको आयोजना गरी ठोस निष्कर्ष निकाल्न ध्यान दिनु पर्दथ्यो । हामीले कम्युनिस्ट सरकार सञ्चालनको कार्यविधि र विकासको नयाँ मोडेल तथा त्यसअन्तरगत विभिन्न फाँटका वैकल्पिक प्रगतिशील कार्यक्रम तय गर्नु पर्दथ्यो । त्यसका लागि निम्न यथार्थहरुलाई अगाडि राखेर निष्कर्ष निकाल्नु पर्दथ्यो ।

क) नयाँ संविधानले प्रदान गरेको समाजवादउन्मुख राज्य एंव सामाजिक आर्थिक व्यवस्थाको सकारात्मक दिग्दर्शन तथा आधार ।

ख) नेपाली समाजको उत्पादक शक्तिको विकास, समृद्धिका निम्ति आवश्यक आधार, साधन स्रोतको उपलब्धता तथा सीमा ।

ग) नेपाली समाजको वर्तमान शक्तिसन्तुलन (वर्गीय तथा राजनीतिक) ।

घ) देशको संवेदनशील भूराजनीतिक अवस्था र त्यसले उत्पन्न गरेको अनुकुलता एवं चुनौती ।

ङ) आजको वर्तमान विश्व व्यवस्था, भूमण्डलीकृत पुँजीवाद, विश्व शक्ति सन्तुलन, नयाँ विश्व व्यवस्थाको दिशा एवं सम्भावना । र,

च) २१औं शताब्दीको अनुरुपको नयाँ मोडेलको समाजवाद निर्माणको प्रयोगलाई सफल बनाउने गम्भीर जिम्मेवारी ।

तर, दुर्भाग्य भनौं, हामीले त्यस दिशामा ध्यान दिन सकेनौं, दिएनौं । पार्टी एकता भएको नौ महिनापछिको स्थायी कमिटीको बैठकमा मात्र सरकारको कार्यसूचीले प्रवेश पायो, त्यो पनि समीक्षाका रुपमा । त्यसैले, कम्युनिस्ट पार्टीको बहुमतको सरकारको सञ्चालन कार्यविधि, आचरण र कार्यशैली गतकालका सरकारहरुको भन्दा तात्विकरुपले भिन्न हुन सकेन । करिब-करिब उस्तै रहयो । आजको आवश्यकता र संविधानको निर्देशअनुरुप परम्परागत पुँजीवादी विकासको ढाँचाभन्दा भिन्न समाजवादमुखी नयाँ विकासको ढाँचाको स्पष्ट खाका तयार हुन सकेन । शिक्षा, स्वास्थ्य, कृषि, भूमिसुधार, ऊर्जा र उद्योगलगायतका क्षेत्रहरुमा लागू गरिने वैज्ञानिक प्रगतिशील कार्यक्रम पनि ठोसरुपमा तय हुन सकेन । विकासको रणनीति र कार्यनीतिमा अपेक्षित स्पष्टता हासिल हुन सकेन । आम मार्क्सवादी दृष्टिबिन्दु र निर्वाचन घोषणापत्रलाई केन्द्रमा राख्ने काम पनि सन्तोषजनक रुपमा देखिएन ।

फलस्वरुप हाम्रो सरकार राष्ट्र, जनता तथा परिवर्तनको पक्षमा ऐतिहासिक जिम्मेवारी बोकेको युगान्तरकारी परिवर्तनपछिको जनादेशप्राप्त क्रान्तिकारी सरकारको नयाँ पहिचानका रुपमा भन्दा परम्परागत पूँजीवादी संसदीय व्यवस्थाअन्तर्गत निरन्तरताको एउटा सरकारजस्तो देखिन पुग्यो । तसर्थ सरकार सञ्चालनको कार्यविधि र कामका वारेमा प्रारम्भमै स्पष्ट नीति योजनासहितको, अवधारणा (भिजन) तयार गर्न र तदनुरुप अघि बढ्न ध्यान केन्द्रित नगर्नु हाम्रो गम्भीर कमजोरी रहयो।

तीन(हामीले शुरुमै संगठनात्मक एकीकरणको मापदण्ड निर्माण गर्न सक्नुपर्थ्यो। त्यसो गर्न नसक्नाले ३ महिनाभित्र नै सक्ने भनिएको संगठनात्मक एकीकरणको काम अहिलेसम्म पनि पूर्णरुपमा सम्पन्न हुन सकेको छैन ।

पार्टी र सरकार : कहाँ के भयो ?

प्रारम्भमै स्पष्ट हुनु पर्ने र गर्नु पर्ने उपरोक्त कार्यहरुमा चुक्न गएको कारण समेतले गर्दा पार्टी र सरकारमा कमजोरी एवं समस्याहरु देखिन थाले ।

पार्टी संगठनको क्षेत्रमा : पहिलो त संगठनात्मक एकीकरणको काम नै अहिलेसम्म पूरा हुन सकेको छैन। करिब एक वर्षभन्दा बढी समयसम्म लाखौं नेता, कार्यकर्ता र सदस्यहरु कमिटी र जिम्मेवारीविहीन हुन पुगे । किनकि पार्टी एकीकरणको घोषणासँगै दुई पूर्वपार्टीका सम्पूर्ण कमिटीहरु विघटन भएको घोषणा गरिएका थिए । प्रदेश तथा जिल्ला तदर्थ कमिटीहरुसमेत लामो अवधिसम्म निर्माण हुन सकेनन् । अहिलेसम्म पनि संगठनात्मक एकीकरणका कामहरु सबै पूरा हुन नसकेको कटु यथार्थ हाम्रो सामु छ ।

पार्टी विधि र पद्धतिअन्तर्गत संस्थागत ढंगले सञ्चालन हुने प्रकृया ज्यादै उपेक्षित हुन पुग्यो । सामूहिकता त धेरै परको कुरा रह्यो । पार्टी संगठनको गतिशीलता एवं क्रियाशीलता शून्य प्रायः भएर गयो । संगठनहरु अकर्मण्य अवस्थामा रहन पुगे । निर्वाचनका समयमा देखा परेको उत्साह र भावनात्मक एकता मरेर गयो । बरु निराशा र कटुता देखा पर्न थाल्यो । पार्टीमा कम्युनिस्ट वा प्रगतिशील मूल्य मान्यता, आचरण वा संस्कृतिको विषय लागु होइन, चर्चासमेत हुन छाड्यो ।

यसरी निहीत निजी स्वार्थ केन्द्रित व्यक्तिवाद र गुटवाद आम प्रवृति बन्न पुग्यो । देश र जनताको भविष्यका लागि पार्टी र आन्दोलनमा लागेका लाखौं कार्यकर्ताहरु आफ्नो जीवन एवं भविष्यका बारेमा चिन्ताग्रस्त हुने स्थितिमा पुगे ।

सरकारको क्षेत्रमा : सरकारको क्षेत्रको कुरा गर्दा सरकारले निश्चय पनि केही सकारात्मक कामहरु गरेको छ । स्वतन्त्र परराष्ट्रनीतिको अवलम्वन गर्दै पार्टीको निर्देशनमा अतिक्रमित भूमि लिम्पियाधुरा, लिपुलेक, कालापानी समेटिएको नेपालको नक्सा प्रकाशन र संविधान संशोधनद्वारा त्यसको संवैधानिक आधिकारिकता सरकारले राष्ट्रियता सार्वभौमिकता र राष्ट्रिय हितको सम्बन्धमा गरेको ऐतिहासिक काम हो । यद्यपि कूटनीतिक आचारसंहिताको पालना र नीतिगत स्थिरताका सम्बन्धमा पछिल्ला दिनमा केही प्रश्न उठेका छन् । संघीयता कार्यान्वयनको प्रकृयालाई सरकार र संसदले मूलरुपमा सही दिशामा नै अघि बढाएको छ । संविधानले प्रत्याभुत गरेको शिक्षा, स्वास्थ्य, रोजगारी, खाद्य सम्प्रभूता र आवासलगायतका मौलिक अधिकार कार्यान्वयनका निम्ति ऐनहरु निर्माण गर्ने काम गरिएका छन् । तराई, मधेसलाई छुट्टै देश घोषणा गर्ने तथाकथित पृथकतावादी आन्दोलनलाई राष्ट्रिय राजनीतिको मूल धारमा ल्याउने प्रकृयामा औपचारिक सम्झौतामा हस्ताक्षर भएको छ । सामाजिक सुरक्षा कार्यक्रमको पहले अघि बढाइएको छ । भूपरिवेष्ठिताले पैदा गरेको प्रतिकुलता एंव चुनौतीको समाधानलाई सहज बनाउने गरी चीनसँग व्यापार तथा पारवहन सम्झौता प्रोटोकलको तहमा पनि हस्ताक्षर भइसकेको छ । तात्कालीन तथा दीर्घकालीन महत्वका विकास निर्माणका काम केही अघि बढेका छन् ।

मितव्ययीताद्वारा खर्च कटौती गरिनु पर्दछ । यसबारेमा गठित आयोगले दिएको प्रतिवेदनमा उल्लेखित सुझाव मात्रै कार्यान्वयन गरिएमा पनि खरबौं रुपैंयाको अनावश्यक खर्च कटौती गर्न सकिन्छ । त्यसमा पनि गुणात्मक कदम चालिएको छैन

हामीले गर्नुपर्ने पहिलो काम थियोस संविधान, कानुन र नियम अनुसार हुनुपर्ने कामहरु भनसुन र घुसविना नै सहजरुपमा फत्ते हुने स्थिति निर्माण गर्नु । ऐतिहासिक राजनीतिक परिवर्तन र बहुमतको कम्युनिष्ट सरकारसँगै सर्वसाधारण नेपाली जनताले यस्तो परिवर्तनको अनुभुति गर्न चाहेका थिए । तर, घुस र भनसुनको अन्त्य नभएको मात्र होइन, बरु त्यसो नगरी अहिले पनि कुनै काम नहुने स्थितिको अनुभूति सर्वत्र भइरहेको छ । यसमा हामी सफल हुन सकेका छैनौं । ठूला-ठूला भ्रष्टाचार नियन्त्रण एवं सुशासनको अभियान पनि अपेक्षितरुपमा प्रभावकारी हुन सकेको छैन ।

दोश्रो, हाम्रो परम्परागत कर्मचारीतन्त्रले अझै पनि परिवर्तनलाई राम्ररी आत्मसात गर्न र आफूलाई परिवर्तनको भरपर्दो औजार (चेञ्ज एजेन्ट)बनाउन सकेका छैनन् । त्यसका लागि कर्मचारीतन्त्रको पुनर्संरचनाको आवश्यकता छ । त्यस दिशामा कुनै ठोस तथा प्रभावकारी कदम अहिलेसम्म चालिएको छैन । लामो समयदेखिको कर्मचारीतन्त्रको समस्या समाधानका लागि केही समय लाग्ने तर्क गर्ने हो भने पनि सरकार

वांकी ३ पेजमा...

क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक

# आजको...

आफैंले गर्ने राजनैतिक नियुक्तिहरुको सम्बन्धमा भने हामीले 'सही ब्यक्ति, सही ठाउँ (राइट म्यान, राइट प्लेस) को प्रक्रिया लागू भयो र प्रणालीले काम गर्न थाल्यो भन्ने सन्देश व्यवहारबाटै दिन सक्नु पर्दथ्यो। त्यसमा हामी सफल हुन नसकेको मात्र होइन कि 'आफ्नो मान्छे' चिन्तन हावी भइरहेकै छ। यसमा कुनै परिवर्तनको संकेतसम्म पनि दिन सकेका छैनौं।

तेस्रो, हामीले पूँजीगत खर्च वा विकास खर्च कार्यान्वयन गर्ने क्षमता अभिवृद्धिमा गुणात्मक उपलब्धि हासिल गर्न सक्नु पर्दथ्यो। त्यसमा पनि उल्लेखनीय प्रगति हुन सकेको छैन। असारे विकास र वार्षिक कुल ५०र६० प्रतिशत खर्चको स्थिति नै कायम छ।

चौथो, हाम्रो अर्थतन्त्रको सबभन्दा कमजोर कडी असाधारण आयतनको व्यापार घाटा हो। त्यसलाई क्रमिकरुपमा घटाउँदै लैजाने प्रभावकारी योजना प्राथमिकतामा देखिएको छैन। नेपालमा ठूला-ठूला उद्योगहरु खोलेर त्यसका उत्पादनहरु निर्यात गरी व्यापार घाटा कम गर्ने सोच अहिले वस्तुवादी हुन सक्दैन। हामीले तुलनात्मक लाभका क्षेत्रहरु हेरेर थोरै व्यवस्थापनमा ध्यान दिनासाथ आयात प्रतिस्थापन वा निर्यात प्रवर्द्धन गर्न सकिने कामहरु गर्नुपर्छ। त्यो उल्लेखनीय मात्रामा सम्भव छ। अन्यथा गुन्द्रुक, धनियाँ, तरकारी, खाद्यान्नलगायतका वस्तुहरुको आयात गरिरहने ठाउँमा हुनेछौं। व्यापार घाटा कम गर्न सम्भव कदमहरु चाल्ने नीति एवं योजना अगाडि बढाउनैपर्छ। तर, त्यो उत्साहजनक छैन।

पाँचौं, मितव्ययीताद्वारा खर्च कटौती गरिनु पर्दछ। यसबारेमा गठित आयोगले दिएको प्रतिवेदनमा उल्लेखित सुझाव मात्रै कार्यान्वयन गरिएमा पनि खरबौं रुपैंयाको अनावश्यक खर्च कटौती गर्न सकिन्छ। त्यसमा पनि गुणात्मक कदम चालिएको छैन।

छैठौं, शोषित पीडित श्रमजीवी वर्ग एवं समुदायकेन्द्रित विशेष नीति कार्यक्रम ल्याउने काम पनि भएको छैन। त्यो प्राथमिकतामा पर्न सकेको छैन।

सातौं, समाजवादउन्मुख विकास को ढाँचाले माग गर्ने संरचनात्मक परिवर्तनको सोच, इच्छाशक्ति र संकल्प देखा पर्न सकेको छैन। र, आठौं, कोभिड(१९ को विश्व महामारीपछि विश्वव्यापीरुपमा विकासको ढाँचा र सामाजिक( राजनीतिक प्रणालीका बारेमा पुनर्विचार (रिथिंकिङ) को प्रक्रिया देखा परेको छ। एउटा क्रान्तिकारी कम्युनिष्ट पार्टीको सरकारका लागि यो अवसर हुन सक्दथ्यो, त्यस दिशामा गुणात्मक अभिमुखीकरणका लागि। तर कोभिड(१९ पछि आएको बजेटमा त्यसको सामान्य प्रतिबिम्ब पनि देखा पर्न सकेन।

सरकार किन अपेक्षा गरिए अनुसार प्रभावकारी एवं परिणाम मुखी हुन सकेन ? हामीले यसको गम्भीर समीक्षा गर्नु जरुरी छ।

पहिलो कुरा, त माथि चर्चा गरिएझैं पार्टी र सरकार दुवै ठाउँमा सरकार सञ्चालनको कार्यविधि एवं सरकारले गर्नुपर्ने कामका बारेमा गम्भीर छलफल नै भएन र भिजन स्पष्ट हुन सकेन।

दोस्रो, निर्वाचन घोषणापत्रलाई पनि व्यवहारिक कार्यान्वयनको कोणबाट अगाडि राखिएन।

तेस्रो, पार्टीको मार्गनिर्देशनमा सरकार सञ्चालन गर्ने मान्यताको पालना गरिएन। पार्टी र सरकारका वीचमा समन्वय शुन्यप्राय: भयो। पार्टीले सरकारलाई गर्नुपर्ने सहयोग पनि हुन सकेन।

चौथो, संसदीय शासकीय स्वरुपलाई समाजवादउन्मुख राज्यको अवधारणा एवं संवैधानिक व्यवस्था अन्तर्गत अभ्यास गर्नुपर्नेमा परम्परागत पुँजीवादी संसदीय व्यवस्थाअन्तर्गतको प्रधानमन्त्रीय प्रणालीका रुपमा संकीर्ण एवं गलत ढंगले अभ्यास गरियो। फलत: मन्त्रिपरिषदको सामुहिक विवेकले पनि काम गर्न पाएन।

र, पाचौं, देश, जनता एंव क्रान्तिप्रतिको एकनिष्ठता कमजोर हुन गई पुँजीवादी संसदीय प्रवृत्ति र व्यक्तिवाद बलशाली बन्दै गयो।

यसरी पार्टी र सरकार दुवै विचार एंव नीति र विधि एंव पद्दतिको आधारमा सञ्चालन नहुनु तत्कालका मुख्य समस्याका रुपमा अगाडी आयो। पार्टीमा कम्युनिष्ट मूल्य मान्यता एवं संस्कृतिको स्खलन तिब्र बन्यो। परिणामस्वरुप यही स्थिति रहिरहने हो भने पार्टी संगठन र सरकारले अपेक्षित भूमिका खेल्न सक्ने र समृद्धि एवं समाजवादको आधार निर्माणमा प्रभावकारी प्रगति हुन सक्ने स्थिति देखिएन। यस स्थितिमा पार्टी र सरकारलाई सही दिशामा लैजान र पार्टी एकता तथा जनादेशको मर्म तथा निर्देश पूरा गर्न पार्टीभित्र गम्भीर छलफल, बहस र सकारात्मक रुपान्तरण अनिवार्य हुन पुग्यो। मूलत: त्यस कोणबाट नै पार्टीभित्र अन्तरविरोध एवं अन्तरसंघर्षको वर्तमान स्थिति स्वभाविकरुपमा उत्पन्न हुन गएको हो।

अन्तरविरोध एवं अन्तरसंघर्ष : विधि र नीति

हाम्रो पार्टी नेपाल कम्युनिस्ट पार्टी (नेकपा) भित्रको विद्यमान अन्तरविरोध र अन्तरसंघर्षका बारेमा विस्तारमा चर्चा गर्ने यो लेखको उद्देश्य होइन। कम्युनिस्ट पार्टीभित्रको अन्तरविरोध एवं अन्तरसंघर्ष र हाम्रो पार्टीको अबको कार्यभारको चर्चा गर्ने सन्दर्भमा त्यसबारेमा प्रसंगवश संक्षेपमा उल्लेख गरिने छ।

भित्री पार्टी संघर्षको आम नियम

कुनै पनि कम्युनिस्ट पार्टीभित्र पार्टी र क्रान्तिसम्बन्धी, राष्ट्र, जनता र परिवर्तनसम्बन्धी विषयमा निरन्तर छलफल, बहस भइरहन्छ। छलफल, बहसमा कतिपय विषयहरु मतभेद र अन्तरविरोधका रुपमा प्रकट हुन सक्छन्। अन्तरसंघर्षद्वारा यसलाई समाधान गरिन्छ। त्यसैले अन्तरपार्टी अन्तरविरोध र अन्तरसंघर्ष पार्टी जीवनको स्वाभाविक प्रक्रिया मात्र होइन, यो अनिवार्य प्रक्रिया हो। यसले पार्टीको विचार एवं नीतिलाई परिमार्जन तथा विकास गर्न र पार्टी संगठनलाई एकतावद्ध, गतिशील तथा सुदृढ बनाउन भूमिका खेल्छ। अन्तरविरोध र अन्तरसंघर्षबिना पार्टी सजीव हुन सक्तैन।

तर, कम्युनिस्ट पार्टीभित्रको अन्तरविरोध मैत्रीपूर्ण हुन्छ। त्यसैले स्वस्थ, मैत्रीपूर्ण, सत्योन्मुख र रुपान्तरणमुखी अन्तरसंघर्षद्वारा त्यसको सकारात्मक समाधान गर्नुपर्दछ। एकता,संघर्ष, रुपान्तरण र सुदृढ एकताको नियमलाई आत्मसात गर्नुपर्दछ।

यहाँ के कुरामा पनि स्पष्टताको आवश्यकता छ भने पार्टीभित्रको छलफल, बहस, मतभेद, अन्तरविरोध र अन्तरसंघर्ष सधैंभरि अनिवार्यत: दुई लाइन संघर्ष हुँदैन। कहिलेकाहीँ दुई लाइन संघर्षका रुपमा विकास हुन पनि सक्छ। दुई लाइन संघर्षका रुपमा विकास भए पनि पार्टीको निर्णय सबैले मानेर जाने मान्यताअन्तर्गत सञ्चालित हुँदासम्म त्यो आमरुपमा मैत्रीपूर्ण संघर्ष नै रहन्छ र मैत्रीपूर्ण ढंगले त्यसको परिचालन हुनुपर्दछ।

पार्टीभित्र अन्तरविरोध एवं अन्तरसंघर्ष देखापर्‍यो कि त्यसलाई अस्वाभाविकरुपमा लिई विरोध गर्ने वा शत्रुतापूर्ण रुप दिने वा फुट्ने दिशामा अभिमुख हुने कार्य नितान्त गलत हुन्छ। पार्टीभित्र जनवाद, अन्तरविरोध र अन्तरसंघर्षलाई निषेध गरी शून्यप्राय: अवस्थामा पुर्‍याइएका कारणले गर्दा पनि पहिलेका समाजवादी देशहरुमा कम्युनिस्ट पार्टी र समाजवाद ढल्न पुगको तीतो सत्यबाट शिक्षा लिई त्यसलाई सच्याउने हाम्रो निष्कर्षलाई आत्मसात गर्न हामी सचेत हुनुपर्दछ। त्यसका साथसाथै अन्तरसंघर्षलाई मैत्रीपूर्ण ढंगले परिचालन गरी सकारात्मक निष्कर्ष निकाल्ने सन्दर्भमा क्रान्तिकारी कुशलताको पनि त्यति नै आवश्यकता छ। छलफल एवं बहसपश्चात पार्टीले विधिसम्मत ढंगले लिने निर्णयलाई सबैले विनाशर्त कार्यान्वयन गर्नु पर्दछ। यो नै कम्युनिस्ट पार्टीभित्र पालना गरिनुपर्ने 'छलफलको स्वतन्त्रता र कामकारबाहीमा एकरुपता'को विधि हो।

अन्तरसंघर्षलाई शत्रुता पूर्णरुपमा लिने र तत्कालको कथित लाभको लागि जे आरोप पनि लगाउने र जे पनि गर्ने घातक प्रवृत्ति नेपाली कम्युनिस्ट आन्दोलन को इतिहासमा बेलाबेलामा देखा पर्ने गरेको छ। क.पुष्पलाललाई गद्दार, क. निर्मल लामालाई सीआइडी, क.वामदेवलाई देशकै सबभन्दा ठूलो भ्रष्टाचारीको आरोप पार्टी र कम्युनिस्ट आन्दोलन भित्रबाटै निराधाररुपमा लगाइएको हो। क.सुर्यनाथ यादवलाई पार्टीभित्रकै अर्को पक्षले पक्रेर बुझाएको र पञ्चायती शासकहरुले हत्या गरी शहीद बनाएको तीतो अनुभव पनि छ। क. मदन भण्डारीको रहस्यमय दुर्घटनाबाट निधन भएपछि पार्टीभित्रैबाट हत्या गरिएको हो भन्ने घिनलाग्दो प्रचार गर्ने दुश्प्रयत्न पनि नभएको होइन। ती सबै झूठा आरोप एवं क्रियाकलापहरु कालक्रममा आत्मग्लानी सहित क्षमायाचना र विस्मरणको गर्भमा पुगे।

आज पनि यदाकदा त्यस्तो घातक प्रवृत्ति देखा पर्न खोज्दैछ। हामीले इतिहासबाट शिक्षा लिनुपर्छ र त्यसबाट माथि उठ्नुपर्छ।

संगठनात्मक कार्यदिशाको चर्चा गर्दा उल्लेख गरिसकिएको छ कि विचारधारात्मक सांस्कृतिक स्तर, जनवादी केन्द्रीयताको अभ्यास र अन्तरसंघर्षको परिचालन एक अर्कासँग सम्बन्धित हुन्छन्। यो कुरालाई यहाँ विशेषरुपमा स्मरण गर्नु जरुरी छ। नेता, कार्यकर्ताको वैचारिक-सांस्कृतिक स्तर उन्नत भएन भने अन्तरसंघर्ष तथ्यबाट सत्य पत्ता लगाउने विधि आधारित र पार्टी एवं क्रान्ति केन्द्रित, राष्ट्र एवं जनता केन्द्रित हुन सक्दैन। त्यसबेला व्यक्तिस्वार्थ र गुटस्वार्थ हाबी हुन्छ। सत्य, रुपान्तरण र एकता उपेक्षित हुन जान्छ। त्यो प्रवृत्ति हाबी हुन पुग्यो भने त्यसले नेता तथा पार्टी पंक्तिलाई कम्युनिस्ट क्रान्तिकारी र पार्टीलाई सच्चा कम्युनिस्ट पार्टी बन्न दिँदैन। कम्युनिस्ट पार्टीका नेता तथा कार्यकर्ताको ध्यान र प्रयत्न त्यस्तो स्थिति आउन नदिने दिशामा केन्द्रित हुनुपर्दछ।

वैचारिक संघर्ष, विचार समूह र गुट

यसरी कम्युनिस्ट पार्टीभित्र विभिन्न मुद्दामा निरन्तर छलफल, बहस र संघर्ष भइरहन्छ। वैचारिक संघर्ष त्यसैको निरन्तरको नियमित प्रक्रिया हो। त्यसको अर्थ मतभेद नभएको विषयमा पनि बलजफ्ती कृत्रिम मतभेद खडा गरी संघर्ष गर्नु होइन। तर, पार्टीभित्र वैचारिक , नीतिगत वा विभिन्न विषयमा छलफल, बहस र संघर्ष हुन्छ भन्ने यथार्थलाई स्वीकार्नु पर्दछ र सकारात्मक रुपमा लिनुपर्दछ। यसरी बहस, मतभेद, अन्तरविरोध र संघर्ष सामान्य विषयदेखि गम्भीर महत्वका विषयमा हुन सक्छन्। एउटा निश्चित समयमा उठेका छलफल, बहस वा अन्तरसंघर्ष पार्टी निर्णयद्वारा लिइने निष्कर्षबाट समाधान हुन्छ र सबैबाट उक्त निर्णयको पालना गरिन्छ। यसरी पार्टी गतिवान् र सुदृढ हुँदै अघि बढ्छ।

'विचार समूह' नै गुट होइन। यद्यपि विचार समूह आधारित वैचारिक संघर्ष आवश्यकताले पार्टीभित्रको सत्ता संघर्षसँग पनि जोडिन पुग्यो भने त्यसले गुटको जस्तो झल्को दिन सक्छ। तर, वास्तवमा गुट भनेको पार्टी र क्रान्तिको स्वार्थमा केन्द्रित नभई व्यक्ति वा व्यक्तिहरुको निजी स्वार्थ केन्द्रित संयत्र हो

त्यस्ता छलफल, बहस र संघर्षमा विषय केन्द्रित रहेर पार्टीका कमरेडहरुको बीचमा एकता र संघर्ष हुन्छ। अर्को समयको छलफल वा संघर्षमा त्यतिबेला आएको नयाँ मुद्दामा आधारित भएर नयाँ प्रकारको एकता र संघर्ष हुन सक्छ। यो प्रणालीले नै पार्टीलाई रुपान्तरणमुखी र सुदृढ पनि बनाउँछ। तर, सदाको स्थायी समीकरण बाञ्छनीय हुँदैन र त्यसले रुपान्तरण एवं एकताको सुदृढीकरणमा योगदान पनि पुर्‍याउँदैन।

कहिलेकाहीँ पार्टीभित्रको मतभेद र अन्तरसंघर्षले 'विचार समूह' ( आइडोलिजकल ग्रुप) पनि पैदा गर्न सक्छ। एउटा वा अर्को खास मुद्दा वा सामान्य मुद्दामा मात्र मतभेद नभएर विचार, सिद्धान्त, राजनीति, कार्यनीति, संगठनात्मक विधि पद्दति आदि श्रृङ्खलामा नै मतभेद देखियो भने त्यस्तो अन्तरविरोध एवं अन्तरसंघर्षले विचार समूहहरुको जन्म दिन्छ। अथवा त्यसबेला विचार समूहहरु बन्न सक्छन्। पार्टी र क्रान्तिको सन्दर्भमा असाधारण महत्वको विषयमा मतभेद र अन्तरविरोध देखिएछ भने त्यसबेला पनि अन्तरसंघर्षले विचार समूहहरुको विकास गर्न सक्छ। तर, सामान्य एउटा वा अर्को विषयमा हुने छलफल, बहस र मतभेदले नै सधैंभरि विचार समूह पैदा हुन्छ भन्ने होइन।

त्यसैले पार्टीभित्रको अन्तरविरोध र अन्तरसंघर्ष सामान्य नियमित अवस्थामा मुद्दामा केन्द्रित भएर कमरेडहरुको व्यक्तिगत भूमिकाका आधारमा अघि बढ्छ भने खास समयमा त्यो अन्तरविरोध र अन्तरसंघर्ष विचार समहूहरुको संघर्षका रुपमा पनि विकसित हुन सक्छ। विचार समूहहरुका रुपमा अन्तरसंघर्ष भए पनि पार्टीमा उपयुक्त विधिबाट त्यसको सकारात्मक निकास निस्किसकेको अवस्थामा त्यो विचार समूह त्यही अवस्थामा यथावत रहन्छ वा रहिरहन पर्दछ भन्ने होइन। फेरि नयाँ शिराबाट एकता र आवश्यकताअनुसार संघर्षको विधिबाट अघि बढ्नुपर्दछ।

'विचार समूह' नै गुट होइन। यद्यपि विचार समूह आधारित वैचारिक संघर्ष आवश्यकताले पार्टीभित्रको सत्ता संघर्षसँग पनि जोडिन पुग्यो भने त्यसले गुटको जस्तो झल्को दिन सक्छ। तर, वास्तवमा गुट भनेको पार्टी र क्रान्तिको स्वार्थमा केन्द्रित नभई व्यक्ति वा व्यक्तिहरुको निजी स्वार्थ केन्द्रित संयत्र हो। 'विचार समूह' वैचारिक रुपान्तरण एवं विकासको औजार हो भने 'गुट' व्यक्तिहरुको पद र सत्तास्वार्थको औजार हो। गुटवादको आधार आत्मकेन्द्रित व्यक्तिवाद हो, जुन पुँजीवादको प्रभावको परिणाम हो। गुटको छुट्टै केन्द्रीयता हुन्छ। स्वाभाविकरुपमा यसको कार्यशैली अपारदर्शी एवम् छलछामपूर्ण हुन्छ।

गुटले सिधा, खुला, स्पष्ट र सिद्धान्तनिष्ट अन्तरसंघर्षको मान्यतालाई आत्मसात् गर्दैन। तसर्थ, वैचारिक संघर्ष र विचार समूहलाई सकारात्मक रुपमा लिनुपर्दछ। तर, व्यक्तिहरुको स्वार्थकेन्द्रित झुण्डका रुपमा गुटहरुले भने पार्टीलाई नोक्सान पुर्‍याउने भएकाले निरुत्साहित एवं नियन्त्रण गर्नुपर्दछ। वैचारिक, सांस्कृतिक स्तर उन्नत बनाउने अभियान र विधि पद्दतिको पालनासहितको सार्थक जनवादी केन्द्रीयताको अभ्यासले मात्र गुटहरुको अन्त्य, मैत्रीपूर्ण अन्तरसंघर्ष र रुपान्तरणमुखी निकास सम्भव हुन सक्छ।

अन्तरसंघर्ष, एकता र फुट

पार्टीमा मतभेद, अन्तरविरोध र अन्तरसंघर्ष देखियो कि अब पार्टी फुट्ने भयो भनेर आतंक सिर्जना गर्ने र अन्तरसंघर्षलाई सकारात्मक निकास उन्मुख हुनै नदिई विषयान्तर गर्ने प्रवृत्ति पनि देखा पर्न सक्दछ। हाम्रो पार्टीमा पनि त्यस्तो प्रवृत्ति देखा पर्ने गरेको छ। अन्तरविरोध तथा अन्तरसंघर्षलाई निषेध गरेर वा विषयान्तर गरेर होइन, मैत्रीपूर्ण एवम् स्वस्थ ढंगबाट

छलफल गरेर निष्कर्ष निकाल्ने प्रक्रियाद्धारा नै पार्टी एकतालाई सजीव एवम् सुदृढ बनाउन सकिन्छ।

दुईवटा अवस्थामा मात्र कम्युनिस्ट पार्टीमा फुट वा विभाजन हुन सक्छ। पार्टीभित्र गम्भीर सैद्धान्तिक, राजनीतिक विचलन देखापर्‍यो, पार्टीको क्रान्तिकारी चरित्र पूर्णरुपमा स्खलित भयो र पार्टीभित्रको संघर्षद्वारा पार्टीको क्रान्तिकारी रुपान्तरण असम्भव भइसक्यो भन्ने निष्कर्षमा कम्युनिस्ट क्रान्तिकारीहरु पुगे भने उनीहरुले विद्रोहको झण्डा उचाल्छन् र क्रान्तिकारी पार्टी पुनर्गठनको प्रक्रिया अघि बढाउँछन्। अवसरवादीहरुले पार्टी कब्जा गरी क्रान्तिकारीहरुलाई निष्काशन गरे भने पनि क्रान्तिकारीहरुले पुनर्गठनको प्रक्रिया अघि बढाउनेछन्।

तर, हाम्रो पार्टीको आजको अवस्था त्यो होइन। यो पार्टी पूरै विचलित भइसकेको वा पार्टीभित्रको संघर्ष वा प्रयत्नबाट पार्टीको क्रान्तिकारीकरणको सम्भावना अन्त्य भइसकेको निष्कर्षमा कोही पनि पुगेको स्थिति होइन। त्यसैले यो कोणबाट हाम्रो पार्टीको विभाजन वा फुटको कुनै औचित्य अहिले छैन। त्यसैले पार्टीभित्र छलफल बहस गरी पार्टीको कमिटीले जे निर्णय लिन्छ, त्यसको पालना सबैले गर्ने दिशामा जानु आजको आवश्यकता हो। त्यसको विपरीत पार्टीले आफूले चाहेअनुसार निर्णय लिएन भने पार्टीको निर्णय मान्दिनँ र पार्टी छाड्छु भनेर कसैले भने भने पार्टी चोइटिने स्थिति उत्पन्न हुन सक्दछ। स्पष्ट छ, त्यो मार्क्सवादी एवम् कम्युनिस्ट पद्दति होइन। त्यसले मेरो निम्ति पार्टी र पार्टीको सर्वेसर्वा म भन्ने गलत मान्यता राख्छ। तर, हाम्रो पार्टीमा के हामी कसैले त्यस्तो व्यक्तिवादी सोचका आधारमा राष्ट्र, जनता, पार्टी र कम्युनिस्ट आन्दोलनलाई धोका दिने धृष्टता गरौंला ? त्यस्तो स्थिति पनि आउला भनेर कल्पना गर्ने ठाउँमा किन र कसरी पुग्ने ?

पार्टीभित्रको अन्तरसंघर्षको सार

उपरोक्त मार्क्सवादी दृष्टि विन्दुका आधारमा हामीले पार्टीभित्रको अहिलेको अन्तरविरोध र अन्तरसंघर्षलाई सकारात्मक ढंगले समाधान गर्नु आवश्यक छ। हाम्रो पार्टीभित्रको अन्तरविरोध वा अन्तरसंघर्षका मुद्दाहरु सारतत्वमा र संक्षेपमा निम्नानुसार बुझ्न सकिन्छ :

एक, तत्कालको अन्तरविरोध र अन्तरसंघर्ष विचार नीति, विधि, पद्धति र कम्युनिस्ट मूल्यमान्यता( संस्कृतिको वरिपरि केन्द्रित रहेको छ। पार्टी र सरकार विचार र नीतिका आधारमा सञ्चालन भएको छ कि छैन र गर्ने कि नगर्ने ? पार्टी र सरकार विधि पद्दतिका आधारमा सञ्चालन भएको छ कि छैन र गर्ने कि नगर्ने ? पार्टी र सरकारमा कम्युनिस्ट वा प्रगतिशील मूल्यमान्यता वा आचरणको पालना भएको छ कि छैन र गर्ने कि नगर्ने ?वा यो विषय अब कुनै सरोकारको विषय नै नबनाउने ? विचार(नीतिको आधारमा चलेन, चल्नु पर्दछ। विधि( पद्दतिको आधारमा सञ्चालन भएन, हुनुपर्दछ। अन्यथा पार्टी र सरकार दुवै असफल हुन्छ। त्यसो हुन दिने छुट हामीलाई छैन। तत्कालको अन्तरविरोध एवं अन्तरसंघर्षको मुख्य पक्ष यही हो।

दुई, हाम्रो पार्टीको यतिबेलाको अन्तरसंघर्ष पूर्व पार्टीगत समूहहरु वा पूर्वपार्टीभित्रका समूहहरुबीचको अन्तरसंघर्ष होइन। त्यसको केही वैचारिक वा संस्कारगत प्रभाव होलान्। तर, त्यो मुख्य हुँदै होइन र हुन पनि हुँदैन। हाम्रो एकीकृत पार्टीमा हाम्रा साझा समस्या छन्। वास्तवमा हाम्रो पार्टीमा दुई प्रवृत्तिको क्रमश: विकास हुँदैछ -

एउटा हो, हामीले हिजो कम्युनिस्ट भएर संघर्ष गर्‍यौं, अझ पनि कम्युनिस्ट नै छौं र भोलि पनि कम्युनिस्ट नै रहने छौं। अहिलेसम्म जनताको साथ लिई लडेर ल्याएको परिवर्तनको उपलब्धिलाई रक्षा गर्नेछौं। त्यसलाई अझ विकास गर्नेछौं। तत्कालीनरुपमा सामाजिक न्यायसहितको समृद्धि हासिल गरेर आमजनताको जीवनमा प्रत्यक्ष परिवर्तन ल्याउने छौं। समाजवादको आधार तयार पार्नेछौं। अन्तत: समाजवाद निर्माण गरी छाड्ने छौं। आजको आवश्यकता अनुरुप समाजवादी क्रान्ति सफल पारी छाड्ने छौं।

अर्को हो, हिजो जानेर वा नजानेर कम्युनिस्ट भयौं। संघर्ष गरेर

वांकी ५ पेजमा...

# अबैध लागु औषध गांजा सहित ४ जना र हिरोईन सहित ३ जना पक्राउ



विराटनगर । अबैद्ध लागु औषध गाँजा सहित ४ जना र हिरोईन सहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्ने मानिसहरू जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं. ५ बिशाल चोक बस्ने वर्ष ४० को रुपेश साह, वर्ष २५ को विनेश खवास, वर्ष २२ को सुमित सुमित साह, वर्ष २१ को सागर रायलाई पक्राउ गरेको हो ।

जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं. ५ दिल्ली पव्लिक स्कुल नजिक गाँजा बेचेको भन्ने बिशेष सुचनाको आधारमा जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले मानिसहरुलाई र अन्दाजी ४ सय ग्राम गाँजा सहित नियन्त्रणमा लिई जिल्ला प्रहरी कार्यालय मोरङमा ल्याई थप अनुसन्धान कार्य भई रहेको छ ।

त्यसैगरी जिल्ला मोरङ विराटनगरमहानगर पालिका वडा नं. ७ शनिमन्दिर स्थित लागु औषध ब्युरो विराटनगरबाट खटिएको प्रहरी टोलीले पैदल यात्री जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं. १७ मटेरूवा बस्ने बर्ष २७ को लद्दीफुल मियालाई शंका लागि चेकजाँच गर्ने क्रममा निजको साथबाट १३ ग्राम खैरो हिरोईन जस्तो देखिने पदार्थ फेला पारी निज लाई नियन्त्रणमा लिई आवश्यक अनुसन्धानको लागि जिल्ला प्रहरी कार्यालय मोरङमा ल्याई थप अनुसन्धान भई रहेको छ ।

लागु औषध सहित जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं. १६ दरैया स्थित लागु औषध ब्युरो विराटनगरबाट खटिएको प्रहरी टोलीले पैदल यात्री देश भारत बिहार राज्य जिल्ला अररिया जोगमनी थाना वडा न. ९ ईन्द्रानगर बस्ने बर्ष ३२ को सुरजेश कुमार राय र बर्ष १३ को मो.आशिक मियालाई शंका लागी चेकजाँच गर्ने क्रममा मो.आशिक मियाको साथबाट ५ ग्राम खैरो हिरोईन जस्तो देखिने पदार्थ फेला पारी निजहरू दुबै जनालाई नियन्त्रणमा लिई आवश्यक अनुसन्धानको लागि ईलाका प्रहरी कार्यालय रानीमा ल्याई थप अनुसन्धान कार्य भई रहेको छ ।

# ग्यास कालो बजारी गर्ने पक्राउ



विराटनगर । एउटा ग्यास सिलिण्डर अर्को ग्यास सिलिण्डरमा ग्यास भरी कालो बजारी गर्ने एक जना व्यपारीलाई प्रहरीले पक्राउ गरेको छ ।

जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं. १४ मलाहा रोडमा रहेको मनिष यादवको फोटोकपी तथा ग्याँस पसलमा एउटा ग्याँस सिलिण्डरबाट अर्को सिलिण्डरमा सारी ग्याँसको तौल कम गरी बिक्री गरेको भन्ने बिशेष सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय रानीबाट खटिएको प्रहरी टोलीले मनिष यादवलाई पक्राउ गरेको हो ।

यादवको पसलमा खानतलासी गर्दा पसलबाट ठुलो ग्याँस सिलिण्डर ११ थान, सानो ग्याँस सिलिण्डर २ थान, तौल मेसिन १ थान, रेगुलेटर २ थान, एयर लिंक गर्ने पाईप १ थान समेत फेला पारी सामन सहित यादवलाई नियन्त्रणमा लिई थप अनुसन्धान कार्य भई रहेको जिल्ला प्रहरी कार्यालय मोरंगले जनाएको छ ।

# रेलमार्ग परियोजनाको काम अघि बढाउन मन्त्रीद्धारा पहल



विराटनगर । प्रदेश १ का सामाजिक विकास मन्त्री जीवन घिमिरेले मोरङको कटहरी क्षेत्रमा अबरुद्ध भएको रेलमार्गको परियोजना अघि बढाउन पहल शुरु गर्नुभएको छ ।

मुआब्जा विवादका कारण लामो समयदेखि अबरुद्ध भएको रेलमार्ग निर्माण कार्यलाई अघि बढाउन मन्त्रालयमा रेल विभागका प्रतिनिधि, स्थानीयबासी, राजनीतिक दलका प्रतिनिधि, गाउँपालिका प्रमुख, प्रमुख जिल्ला अधिकारी सहितको बैठक राखेर परियोजना निर्माणलाई अघि बढाउनु पर्ने बताउनु भएको छ ।

जनप्रतिनिधि विहिनताको अवस्थामा स्थानीयको आवाज नसुनिएका कारण रेलमार्ग भित्र रहेको करिव २५ विगाहा क्षेत्रफलको मुआब्जा रोकिएको मन्त्री घिमिरेको भनाई थियो । रेलमार्ग निर्माण हुनेभएपछि सो क्षेत्रमा ९ बर्षअघि जग्गाको मूल्यांकन गरि मुआब्जा वितरण शुरु गरिएको थियो ।

मुआब्जा वितरण बैज्ञानिक नभएपछि करिव २२ घर परिवारलेले मुआब्जा लिन मानेका छैनन । मन्त्री घिमिरेले पुर्नमुल्यांकनका लागि हुने सम्म पहल गर्ने बताउनुभयो । उहाँले स्थानीयको पीरमर्कालाई बुझ्दै परियोजनालाई अघि बढाउनुपर्ने बताउनुभयो । मन्त्री घिमिरेले भन्नुभयो,‘ परियोजना जति छिटो बन्छ, त्यति छिटो स्थानीयले लाभ लिन सक्नेछन् ।’ उहाँले राजनीतिक रुपमा पनि समस्या समाधानका लागि पहल गर्ने बताउनुभयो ।

प्रमुख जिल्ला अधिकारी कोसहरि निरौलाले जग्गाको पुर्नमूल्याकंनको अधिकार जिल्ला प्रशासनलाई नभएको वताउदै गृहमन्त्रालयबाट निर्णय भएर आए गर्न सकिने उहाँको भनाई छ ।

कटहरी गाउँपालिकाका प्रमुख रामकुमार कामतले प्रतिकठ्ठा ८ लाख भन्दा कम पाउनेहरुले मुआब्जा नलिएको बताउनुभयो । पीडितका समस्या समाधान नगरि डोजर चलाएर विकास निर्माणको कार्य अघि बढाउन नसकिने उहाँको भनाई छ । प्रमुख कामतले पुर्नमुल्यांकन गरेर मुआब्जा वितरणका लागि पहल गरिदिन मन्त्री घिमिरे समक्ष आग्रह गर्नुभयो ।

स्थानीय सतनलाल चौधरीले एउटै कित्ताको जग्गाको मूल्यांकन फरक-फरक भएपछि मुआब्जा नलिएको बताउनुभयो । मुआब्जाको विवाद छिटो मिलाउन उहाँले आग्रह गर्नुभयो । जग्गाको मुल्यांकनपछि ९ बर्षमा पहिलो पटक पीडितका कुरा संवन्धित निकायले सुनेको चौधरीले बताउनुभयो । पीडितसँग कहिलै सरोकारवालाले छलफल नगरेको उहाँको गुनासो थियो ।

रेल विभागका साइट इन्जिनियर विनोद ओझाले रेलमार्ग निर्माणका लागि सम्पूर्ण कानुनी प्रक्रिया पुरा भईसकेको वताउँदै कानुनी प्रक्रिया अघि बढेकाले चाँडै काम शुरु गर्ने उहाँको भनाई छ ।

दुई वर्षभित्र सम्पन्न गर्ने गरी सन् २०११ मा सुरु भएको भारतको बथनाहादेखि मोरङको कटहरीसम्मको १८.६ किलोमिटर रेलमार्गमध्ये पाँच किलोमिटर भारतमा पर्छरु। नेपालतर्फ बुधनगरदेखि कटहरीसम्म १३.६ किमि भूभाग पर्छरु। विराटनगर-रंगेली सडकसँग जोडिएको कटहरी गाउँपालिकासम्म रेल ल्याउने योजना भए पनि यो मार्गमा काम ठप्प छरु। मुआब्जा विवादका कारण रेलमार्गको ३ किमि क्षेत्रमा काम अबरुद्ध रहेको छ ।


## कोरोना ( C0VID–19 ) भाइरसका बारेमा जनहितमा जारी सूचना

**१. कसरी सर्छ कोरोना भाईरस ?**

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

**२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन्**

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रो हुनु ।

**3. यसबाट बच्न के–के गर्ने ?**

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

रतुवामाई नगरपालिका मोरंग प्रदेश नं. १

## विराटनगर महानगरपालिको अपिल

१. नोभेल कोरोना (कोभिड-१९) संक्रमण, नियन्त्रण र रोकथामको लागि यस महानगरपालिका क्षेत्र भित्र संचालनमा रहेको सवै पसल, उदोग तथा व्यवसायीहरुले सेवा लिन आउने आगन्तुकहरुका लागि साबुन पानी वा सेनिटाईजर ले हात धुने व्यवस्था मिलाउनु पर्ने ।
२. नोभेल कोरोना (कोभिड-१९) भाइरस विरुद्ध सामाजिक संघ संस्थाहरुले गरेको र गर्ने कामको बारेमा महानगरपालिकालाई जानकारी गराई नदोहोरीन र प्रगति अभिलेख एकद्धार प्रणालीको व्यवस्थपन र्कामा सहयोग गर्ने ।
३. महानगरपालिका अन्तर्गत संचालन हुने साप्ताहिक हाटबजारहरु अर्को सूचना नभएसम्म का लागि स्थगित (वन्द) गर्ने ।

थप जानकारीको लागि ९८४२०२३६७९, ९८५२०३२८१८, ९८४४०९९३७०






## पूर्वाञ्चलको पहिलो र एक मात्र ट्रमा सेन्टर

MAX INTERNATIONAL HOSPITAL & TRAUMA CENTER (P.) Ltd.

Maximum care for life

Mahendra Chowk, Biratnagar-11, Morang (Nepal), Ph: 021521155/56, 9852027895

# आजको...

केही उपलब्धि पनि हासिल गर्‍यौं । तर, फेरि अब कम्युनिस्ट क्रान्तिकारीकै रुपमा क्रियाशील हुन सकिन्न । अबका लागि पुँजीवाद नै 'अन्तिम सत्य' हो र यो पुँजीवादी प्रतिस्पर्धामा कम्युनिस्ट नाम र भण्डाको प्रयोग गर्दै पद, पैसा, सत्ता, शक्ति, सुविधा जे-जे पाइन्छ, लिने, भोग्ने हो । परिवर्तनपछि कम्युनिस्ट आन्दोलनभन्दा बाहिरबाट पार्टीमा प्रवेश गरेका कमरेडहरुमा पनि त्यस्तो स्थिति देखिन सक्छ ।

पहिलोले मार्क्सवाद-लेनिनवाद लाई जीवन दृष्टिकोण र पथप्रदर्शक सिद्धान्त मान्दछ । पार्टीलाई क्रान्तिकारी कम्युनिस्ट पार्टीकैरुपमा अघि बढाउनुपर्दछ भन्ने ठान्दछ । वर्तमान परिवर्तनलाई परम्परागत संसदीय गणतन्त्र भन्दा उन्नत एक प्रकारको समाजवाद उन्मुख जनताको जनवाद ठान्दछ र त्यसको अभ्यास एवं विकास गर्नुपर्दछ भन्ने मान्यता राख्दछ । विकासको परम्परागत पुँजीवादी ढाँचाभन्दा उन्नत समाजवाद उन्मुख विकासको ढाँचाअन्तर्गत समृद्धिको अभियान अघि बढाएर समाजवादको आधार तयार पार्ने र वैज्ञानिक समाजवादी मूलमान्यतामा आधारित २१औं शताब्दीअनुरुपको नयाँ मोडेलको समाजवाद निर्माण गर्ने सोच राख्छ । यो मार्क्सवाद-लेनिनवाद, कम्युनिस्ट पार्टी र समाजवादको पक्षमा छ ।

अर्कोले मार्क्सवाद-लेनिनवाद, कम्युनिस्ट पार्टी र समाजवादलाई ट्रेडमार्कको रुपमा लिन्छ र पुँजीवाद एवम् पुँजीवादी प्रतिस्पर्धाभित्रको व्यक्ति स्वार्थलाई आफ्नो वास्तविक अभीष्ट बनाउँछ । हामी पार्टीमा दोस्रो प्रवृत्तिको पूर्ण विकास भई पार्टीको मुख्य प्रवृत्ति बन्ने र पार्टी नै पुँजीवादी पार्टीमा परिणत हुने खतरा त पैदा हुँदैन ? यो गम्भीर चिन्ताको विषय बनिरहेको छ ।

तर, हाम्रो पार्टीमा यो अन्तर विरोध सुस्पष्ट र व्यवस्थितरुपमा विकास भइसकेको छैन । यसलाई तत्कालको अन्तरसंघर्षको प्रवृत्तिमा पूरै जोडेर बुझ्नु पनि गलत हुनेछ । यो हामी सबैले आफूलाई कठघरामा राखेर गम्भीररुपमा सोच्ने र आफैंसँग संघर्ष गर्न तयार हुने विषय हो । अहिलेको अन्तरसंघर्षमा क्रमश: विकसित हुँदै जान सक्ने खतरा रहेको व्यापक दायराको त्यस्तो अन्तरविरोध र त्यसमा अन्तरनिहित चिन्तन संस्कृतिको प्रभाव रहेको हुन सक्छ । तर, अहिलेको अन्तरविरोध र अन्तरसंघर्षलाई यो सारतत्वमा विकसित अन्तरविरोधका रुपमा भने लिनु हुँदैन । पार्टीमा यसप्रकारको अन्तरविरोधले क्रमश: विकसित हुँदै जाने खतराको स्थिति किन उत्पन्न भयो त ? अन्तत: वर्गचरित्रमा नै गएर यसलाई विश्लेषण गर्नुपर्ने हुन्छ । यसका पछाडि पार्टीमा निश्चित समूहको वर्गउत्थान र परिणामत: पार्टीको वर्गचरित्रमा स्खलनको खतरा बाहेक अरु के होला त ? सबैले गम्भीररुपमा सोच्नुपर्ने भएको छ ।

तीन, समग्रतामा हाम्रो पार्टीको मुख्य समस्या विचारधारात्मक-सांस्कृतिक समस्या हो । सबै समस्या, मतभेद र अन्तरविरोधहरु यसैको जगमा पैदा भएका हुन् र समाधान पनि अन्तत: पार्टीभित्र व्यापक महाअभियानका रुपमा सञ्चालन गरिने विचारधारात्मक-सांस्कृतिक आन्दोलनमा नै निहीत रहेको छ ।

अन्तरविरोध एवं समस्याको उपरोक्त दोस्रो र तेस्रो आयामका बारेमा पार्टीमा क्रमश: छलफल गर्दै जान सकिनेछ । त्यसो गर्नु नै उपयुक्त पनि हुनेछ । अहिले नै भने पहिलो अन्तरविरोध र अन्तरसंघर्षको निकास निकाल्न ध्यान केन्द्रित गर्न आवश्यक छ । अन्तरविरोध एवं अन्तरसंघर्षलाई स्वाभाविक प्रक्रियाका रुपमा लिँदै मैत्रीपूर्ण छलफल र बहसद्वारा सकारात्मक समाधानमा पुग्न सकिन्छ र सक्नु पनि पर्दछ । तर, अन्तर विरोध एवं अन्तरसंघर्ष अनावश्यक रुपमा गम्भीर एवं जटिल बन्दै गएको छ, जुन उचित होइन । यसका पछाडि आमरुपमा वैचारिक÷सांस्कृतिक स्तरको न्यूनता र अन्तरसंघर्षसम्बन्धी सही समझदारीको आत्मसातीकरणमा समस्या र व्यक्तिवाद एवं गुटवादले भूमिका खेलेको छ । मूल रुपमा भने निजी स्वार्थ केन्द्रित व्यक्तिवाद र गुटवाद नै अन्तरसंघर्षलाई यसरुपमा गम्भीर एवं जटिल बनाउन जिम्मेवार छ ।

अबको हाम्रो कार्यभार

एक÷पार्टी एकताको रक्षा : महान् क्रान्तिकारी उद्देश्यलाई केन्द्रमा राखेर ठूलो मेहनत, आशा र अपेक्षाका साथ गरिएको र जनताबाट समेत अनुमोदित पार्टी एकताको रक्षा आजको हाम्रो प्रमुख दायित्व र कार्यभार हो । पार्टी एकताको रक्षा एवं सुदृढीकरणद्वारा मात्र विश्वमै यतिबेला हामीलाई प्राप्त नयाँ मोडेलको समाजवादी क्रान्ति सम्पन्न गरी समाजवादी नेपाल निर्माण गर्ने ऐतिहासिक अवसरलाई पक्रन सम्भव हुनेछ । त्यसलाई धरासायी बनाउने दिशामा जानु ठूलो धोखा र आत्मघात हुनेछ । तसर्थ, व्यक्ति र गुटलाई होइन, राष्ट्र, जनता, पार्टी र क्रान्तिलाई केन्द्रविन्दुमा राखौं । पार्टीमा विद्यमान अन्तरविरोधलाई मैत्रीपूर्ण छलफल, बहसद्वारा समाधान गरौं । पार्टीले लिने निर्णय, निष्कर्षलाई सबैले पालना गरौं र पार्टी एकतालाई अझ सुदृढ बनाऔं ।

पार्टी एकताको रक्षाका सन्दर्भमा यससँग जोडिएको अन्य दुई पक्षका बारेमा पनि स्पष्टताको आवश्यकता छ । पार्टी एकता र रक्षाको कुरा गर्दा पार्टी संगठनलाई अहिलेकै यथास्थितिमा रहन दिएर अकर्मण्य बनाउने र अन्तत: स्वत: विघटन एवं विसर्जनको दिशामा धकेल्ने काम गर्नुहुँदैन । साथै, पार्टीलाई वैचारिक विचलन एवं कम्युनिस्ट चरित्रबाट स्खलन हुँदै सारतत्वमा पुँजीवादी पार्टीमा बदलिने स्थिति आउन पनि दिनु हुँदैन । नेपाली कम्युनिस्ट आन्दोलनलाई कुनै पनि कोणबाट विसर्जन हुन दिनु हुँदैन ।

दुई- संकटको सकारात्मक निकास : पार्टीमा अहिले देखापरेको अन्तरविरोध एवं अन्तरसंघर्षलाई मार्क्सवादी दृष्टिबिन्दु एवं पद्दतिका आधारमा छिट्टै सकारात्मक निकासमा पुर्‍याउनु जरुरी छ । सबैले आ-आफ्नो ठाउँबाट वस्तुनिष्ठ भई यसमा योगदान गरौं ।

यथास्थिति र लिपापोतीले संकटको समाधान गर्दैन । त्यसले संकटलाई थप गहिरो बनाउने काम मात्र गर्नेछ । केही समययताको हाम्रो अनुभवले पनि त्यही भन्छ । त्यसैले हामीले पार्टीलाई विधि, पद्दतिका आधारमा सञ्चालन गर्ने तथा सक्रिय पार्ने र सरकारलाई पार्टीको मार्गनिर्देशनमा समाजवादउन्मुख समृद्धि हासिल गर्दै समाजवादको आधार तयार पार्न सफल पार्ने कार्य गर्नुपर्दछ । त्यसैअनुरुप निर्णय गर्नु पर्दछ । रुपान्तरणमुखी निष्कर्ष र पार्टी एवं पार्टी निर्णयप्रति सबैको सामूहिक प्रतिबद्धताले नै हामीलाई अहिलेको ठाउँबाट अग्रगामी दिशामा लैजाने छ ।

विचारधारात्मक कार्यदिशाको विकासको सन्दर्भमा राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादको क्षेत्रमा पनि ध्यान दिनु आवश्यक छ

तीन(राष्ट्रिय महाधिवेशनको आयोजना : हामीले २०७७ चैत्रमा पार्टीको एकता राष्ट्रिय महाधिवेशन आयोजना गर्ने निर्णय लिएका छौं । पार्टी र देशको समग्र परिस्थितिको वास्तुवादी समीक्षा गरेर निर्धारित समयमा महाधिवेशन सम्पन्न गर्न सकिन्छ कि सकिँदैन सोचौं । जे भए पनि हामीले सम्भव भएसम्म छिटो राष्ट्रिय महाधिवेशनको आयोजना गर्नुपर्दछ र त्यसको तयारीमा जुट्नुपर्दछ । महाधिवेशनबाट पार्टी एकताको संक्रमणकाल अन्त्य गर्नुका अतिरिक्त निम्न महत्वपूर्ण कार्यभार पूरा गर्न ध्यान केन्द्रित गर्नुपर्दछ ।

(क) कार्यदिशाको संश्लेषण र विकास : राष्ट्रिय महाधिवेशनको पहिलो र मुख्य कार्यभार पार्टीले अवलम्बन गर्ने विचारधारात्मक एवं राजनीतिक कार्यदिशाको संश्लेषण र विकास हो । ऐतिहासिक आवश्यकताले माग गरेअनुरुप नयाँ कार्यदिशाको विकास अन्तरिम कार्यदिशा तथा हाम्रो अहिलेसम्मका सोच एवं अनुभवमा टेकेर नै हुनेछ । तर, त्यसका लागि नयाँ शिराबाट गम्भीर अध्ययन, छलफल, बहस र संश्लेषणको आवश्यकता छ । त्यसप्रकारको महान् बहसको बीचबाट पार्टीले कार्यदिशाको परिमार्जन र विकास गर्नेछ । त्यस क्रममा नै पार्टी एकता गर्दा उल्लेख गरिएका पूर्वपार्टीहरु बीचका वैचारिक मतभेदको पनि समाधान हुनेछ ।

विचारधारात्मक कार्यदिशा : मार्क्सवाद-लेनिनवादमा पार्टी दृढ रहनेछ । मार्क्सवाद-लेनिनवादको मुख्य पक्ष, द्वन्द्वात्मक भौतिकवादी विश्व दृष्टिकोण र भौतिकवादी द्वन्द्ववादको पद्दति वैज्ञानिक र क्रान्तिकारी भएकाले त्यसको ग्रहण, आत्मसातीकरण र प्रयोग नै हाम्रो मुख्य विचारधारात्मक दार्शनिक आधार रहनेछ ।

मार्क्सवादको यो दार्शनिक पक्षलाई आधुनिक विज्ञानका नवीनतम निष्कर्षहरुले पनि पुष्टि गरेका छन् । तथापि आन्स्टाइनको सापेक्षतावादको सिद्धान्त र पछि विकसित क्वान्टम मेकानिक्सका आधारमा मार्क्सवादको दार्शनिक आधार गलत सावित भएको भन्ने प्रचार पनि हुने गरेका छन् । वास्तवमा यो धारणा मार्क्सवादको दार्शनिक पक्षको यान्त्रिक बुझाइको कारणबाट देखापरेको हो । क्वान्टम मेकानिक्सले मार्क्सवादको दार्शनिक पक्षलाई थप पुष्टि नै गरेको छ । हामीले प्राकृतिक विज्ञानका नयाँ आविष्कारसँगै मार्क्सवादको दार्शनिक आधारलाई चुनौती दिनेहरुलाई लेनिनले 'भौतिकवाद तथा अनुभवसिद्ध आलोचना' पुस्तक लेखेर चिरेजस्तै यसलाई स्पष्ट पार्न पनि त्यत्तिकै ध्यान दिनु जरुरी छ ।

त्यसका साथै द्वन्द्वात्मक भौतिकवादलाई दह्रो गरी आत्मसात गर्दै पूर्वीय दर्शनमा रहेका वैज्ञानिक पक्षलाई पनि मार्क्सवादको समृद्धीकरणमा सम्मिलन गर्न ध्यान दिनु पर्दछ । विशेषत: गौतमबुद्धका शिक्षाहरु र योग, ध्यानलाई पनि आत्मसात गर्न थप अध्ययनसहित अघि बढ्नु पर्दछ । भौतिक जगत र चेतना एवं मनोजगतको द्वन्द्वात्मक योगद्वारा सामाजिक मुक्तिको प्रक्रिया अघि बढ्ने कुरा विश्वास गर्ने हामी मार्क्सवादीहरुले मनोजगत र स्वरुपान्तरणको प्रक्रियामा आधुनिक विज्ञानले समेत पुष्टि गरेका पूर्वीय दर्शनका कतिपय शिक्षालाई ग्रहण गर्नु जरुरी छ ।

विचारधारात्मक कार्यदिशाको विकासको सन्दर्भमा राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवाद को क्षेत्रमा पनि ध्यान दिनु आवश्यक छ । साम्राज्यवादको नयाँ स्वरुप, भूमण्डलीकृत पुँजीवाद, सूचना प्रविधिको असामान्य चमत्कारिक विकास, उत्पादन प्रविधिमा भएको विकास, जलवायु, वातावरणीय तथा विश्व महामारीको संकटलगायतका नयाँ विकसित वस्तुगत पक्ष र प्रतिक्रान्तिका शिक्षाहरुको आत्मगत पक्षलाई ध्यान दिँदै राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादको क्षेत्रमा पनि थप अध्ययन, अनुसन्धानसहित माक्सवादको विकासका निम्ति विश्वमा भइरहेका प्रयत्नमा हामी पनि जोडिएर अघि बढ्नुपर्दछ ।

राजनीतिक कार्यदिशा : अन्तरिम राजनीतिक प्रतिवेदनले अगाडि सारेको राजनीतिक कार्यदिशालाई आवश्यक परिमार्जन र विकास गर्न ध्यान दिनु पर्दछ । नेपाली समाजको चरित्र एवं वर्गसंरचना, नेपाली समाज, कम्युनिस्ट एवं क्रान्तिकारी आन्दोलनको विशेषता तथा अनुभवमाथि मूल रुपमा आधारित हुँदै र वर्तमान विश्व व्यवस्था, विश्व परिस्थिति, अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनका अनुभव एवं शिक्षालाई पनि ध्यान दिँदै हामीले राष्ट्रिय महाधिवेशनबाट राजनीतिक कार्यदिशाको संश्लेषण गर्नुपर्दछ । सुस्पष्ट कार्यदिशाविना हाम्रो क्रान्तिकारी लक्ष्य र उद्देश्य प्राप्ति असम्भव हुने स्पष्ट छ ।

संगठनात्मक कार्यदिशा : कम्युनिस्ट पार्टीसम्बन्धी लेनिनवादी अवधारणा र संगठनात्मक सिद्धान्तलाई मूलरुपमा अनुशरण गर्दै आजको आवश्यकताअनुसार कम्युनिस्ट पार्टीसम्बन्धी अवधारणा र संगठन सञ्चालन तथा नेतृत्व निर्माणको विधिपद्दति एवं मान्यतामा परिमार्जन तथा विकास गर्न पनि ध्यान दिनु पर्दछ ।

(ख) नेतृत्व निर्माण : राष्ट्रिय महाधिवेशनले कार्यदिशा निश्चित गरिसकेपछि पूरा गर्नुपर्ने अर्को केन्द्रीय महत्वको कार्यभार नेतृत्व निर्माण हो । क्रान्तिकारी उद्देश्य र कार्यदिशालाई केन्द्रमा राख्दै त्यसले माग गरेअनुरुप क्रान्तिनिष्ठ, सिद्धान्तनिष्ठ, संघर्षशील, स्वच्छ, क्षमतासम्पन्न, सक्रिय र अनुभवी सामूहिक नेतृत्व टीम निर्माण गर्न महाधिवेशन सफल हुनु पर्दछ ।

कार्यदिशा निश्चित गरिसके पछि त्यसलाई कार्यान्वयन गर्न नेतृत्वको भूमिका ज्यादै महत्वपूर्ण रहन्छ । नेपाली कम्युनिस्टहरुले आज प्राप्त गरेको ऐतिहासिक

बाँकी अन्तिम पेजमा...

# अबैध समान सहित चार पक्राउ

विराटनगर । मोरङको धनपालथान गाउँपालिका वडा नं. ४ बाट भन्सार चोरी पैठारी गरी भित्र्याईएको २ हजार ४ सय ६० केजी चिनी सहित ४ जना पक्राउ परेका छन् ।

विशेष सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले अन्दाजी १ लाख ४७ हजार रुपैयाँ बराबरको चिनी सहित रङगेली नगरपालिका वडा नं. १ का २१ वर्षीय अभिषेक कुमार साह, धनपालथान गाउँपालिका वडा नं. १ का १७ वर्षीय दिपक कुमार मण्डल, १८ वर्षीय अर्जुन कुमार मण्डल र १९ वर्षीय रुपेश मण्डललाई प्रहरीले पक्राउ गरेको हो ।

चिनी ओसार पसार गर्न प्रयोग गरिएको को १८ प ५७४३, को २२ प १६४४ र को ११ प ६६५९ नम्बरको मोटरसाईकल सहित पक्राउ समेतलाई नियन्त्रणमा लिएको थियो ।

त्यसैगरी सुनवर्सी नगरपालिका वडा नं ७ बाट अबैध रुपमा चोरी पैठारी गरी ल्याउदै गरेको अन्दाजी रू १६ लाख मुल्य बराबरको अन टेस्ट लेखेको ट्र्याक्टर बरामद भएको छ । प्रहरी चौकी वरङगाबाट खटिएको प्रहरी टोलीले ट्याक्टर नियन्त्रणमा लिएको हो । बरामद भएको चिनी तथा ट्याक्टर समेत आवश्यक कारवाहीको लागी मुल भन्सार कार्यालय रानीमा बुझाएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

# आगलागीबाट डेढ करोडका क्षति

विराटनगर । मोरङको सुनवर्सी नगरपालिका वडा नं. २ अमरदहमा रहेको पारस किराना पसलमा आगलागी हुँदा अन्दाजी १ करोड ५० लाख बराबरको क्षति भएको छ ।

रातीको समयमा पारस साहले संचालन गरेको किराना पसल, पसल रहेको घर र पछाडी रहेको अर्को घर समेतमा अचानक आगलागी हुँदा घर भित्र रहेको नगद २० लाख, सुन चाँदी, लत्ता कपडा, किराना पसलको समान समेत जलेर नष्ट भएको हो ।

उक्त आगलागी विराटनगर महानगरपालिका, रङगेली, सुन्दरहरैचा, पथरी, बेलवारी, दमक नगरपालिका तथा कानेपोखरी गाउँपालिकाको दमकल, नेपाल प्रहरी, शशस्त्र प्रहरी र स्थानीयवासीको सहयोगमा आगो नियन्त्रणमा आएको थियो ।

आगलागीबाट मानवीय र चौपाया क्षति नभएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

# लेडिज स्वेटर र खाद्यान बरामद

विराटनगर । भारतबाट अवैद्ध रुपमा कर छली गरी ल्याइएका लेडिज सुईटर लगायत खाद्यान सामग्रीहरु प्रहरीले बरामद गरेको छ ।

जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं. १४ स्थित जतुवा नहर नजिक भारतको जोगवनीबाट नेपालतर्फ अवैध रुपमा भन्सार छलि चोरी पैठारी गरी (लत्ताकपडा, चिनी तथा प्याज) लगायतका समानहरु बरामद गरिएको हो ।

बरामद गरिएको सामाग्रीहरुमा लेडिज सुईटर १४ पिस, लेडिज ओढ्ने बर्को ५ पिस, प्याज ५ बोरा अन्दाजी ८० केजी, चिनी ३ बोरा अन्दाजी १५० केजी रहेको छ ।

अन्दाजी २९ हजार २ सय बराबरको सामान जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले वेवारिसे अवस्थामा फेला पारी बरामद गरी आवश्यक कारवाहीको लागि मूल भन्सार कार्यालय रानी, विराटनगरमा बुझाएको छ ।

# सुनसरीमा जंगली हात्तीको आक्रमणबाट १ जनाको मृत्यु

सुनसरी । गहूंमा पानी हाल्न खेतमा गएको एकजनालाई हात्तीको आक्रमणले मृत्यु भएको छ ।

मृत्यु हुनेमा सुनसरीको कोशी गाँउपालिका वडा नं. ६ सुकुम्वासी टोल बस्ने ३२ वर्षीय प्रमोद यादव रहेको छ ।

आफ्नै गँहुबारीमा पानी लगाउन जाने क्रममा यादवलाई एक्कासी जंगली हात्तीले आक्रमण गर्दा उनको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ ।


## कोरोना (COVID–19) भाइरसका बारेमा जनहितमा जारी सूचना

*१. कसरी सर्छ कोरोना भाईरस ?*

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

*२. कोरोना भाइरसका लक्षण के-के हुन सक्छन् ?*

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) बान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।

*3. यसबाट बच्न के-के गर्ने ?*

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

सुनबर्सी नगरपालिका मोरंग प्रदेश नं. १